ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५औं वर्ष

# सन्देश

प्रदेश 'क' वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २९८ ॥ आइतबार ०६ बैशाख २०८३ ॥ द्वितीया ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Sunday 19 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## सीमा व्यवस्थापन र भन्सार सुधारबारे गृहमन्त्रीको छलफल

सन्देश संवाददाता

वीरगञ्ज/नेपाल सरकारका गृहमन्त्रि सुधन गुरुङले सीमापार तस्करी नियन्त्रण र भन्सार प्रणाली सुधारका विषयमा मधेससहित दुई प्रदेशका सांसदहरूसँग छलफल गरेका छन् ।

छलफलमा गृहमन्त्री गुरुङले मधेश र लुम्बिनी प्रदेशका सांसदहरू सँग सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा भन्सार प्रणाली सुधारका उपायहरुबारे सुझाव लिएका हुन् । छलफलमा सांसदहरूले विद्यमान भन्सार प्रणालीमा सुधार आवश्यक रहेको उल्लेख गर्दै भन्सार दर पुनरावलोकन गर्नुपर्ने, सीमामा निगरानी तथा अनुगमन संयन्त्रलाई सुदृढ बनाउनुपर्ने सुझाव दिएका थिए । साथै, कृषि सामग्री र मल खादको भन्सार प्रक्रिया सरल बनाउनुपर्ने तथा सीमावर्ती क्षेत्रमा बसोबास गर्नेनागरिकलाई दैनिक उपभोग्य वस्तु आयातमा निश्चित हदसम्म भन्सार छुट दिने मापदण्ड बनाउनुपर्ने प्रस्ताव पनि उठाइएको थियो ।

मधेश प्रदेशका जनप्रतिनिधिहरूले विशेषगरी सीमा क्षेत्रमा बढ्दो तस्करी नियन्त्रणका लागि प्रभावकारी संयन्त्र विकास गर्नुपर्नेमा जोड दिएका थिए । छलफलमा उठेका विषयप्रति प्रतिक्रिया दिँदै गृहमन्त्री गुरुङले गृह मन्त्रालयसँग सम्बन्धित विषयहरू कार्यान्वयन गर्ने र अर्थ मन्त्रालयसँग सम्बन्धित मुद्दामा आवश्यक समन्वयमार्फत् समाधान खोजिने बताएका छन् ।

# बागमतीमा विपद्का कारण १ हजार बढीले ज्यान गुमाए

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशमा पछिल्लो एक दशकमा विपद्का घटनाले गम्भीर मानवीय तथा आर्थिक क्षति पुऱ्याएको देखिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको तथ्यांकअनुसार २०७२ सालदेखि २०८२ असार मसान्तसम्म प्रदेशका १३ जिल्लामा विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण १ हजार ३८ जनाले ज्यान गुमाएका छन् भने १८१ जना अझै बेपत्ता रहेका छन् । यस अवधिमा २ हजार ३११ जना घाइते भएका छन् र १६ हजार ६५३ परिवार प्रत्यक्षरूपमा प्रभावित भएका छन् ।

मन्त्रालयका अनुसार १० वर्षमा प्रदेशभर ६ हजार ८३९ वटा विपद्का घटना दर्ता भएका छन् । ती घटनाहरुबाट ६ अर्ब ९५ करोड ४१ लाख रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको छ । भौतिक संरचनामा पनि ठूलो नोक्सानी पुगेको छ । ४ हजार ७२७ वटा घर पूर्णरूपमा नष्ट भएका छन् भने ५ हजार ८९६ घरमा आंशिकरुपमा क्षति पुगेको मन्त्रालयको तथ्याङ्क छ ।

बागमती प्रदेशमा १० वर्षको अवधिमा विपद्का विभिन्न घटनाबाट १ हजार ३८ जनाले ज्यान गुमाएका छन् । बागमती प्रदेशमा बिगत १० वर्षको अवधिमा भएका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का घटनामा परी १ हजार ३८ जना स्थानीयले ज्यान गुमाएका हुन् ।

मन्त्रालयको प्रतिवेदन अनुसार १० वर्षको अवधिमा प्रदेशभर ६ हजार ८३९ वटा विपद्का घटना भएका छन् । विपद्मा परी २ हजार ३११ जना घाइते भएका छन् भने १६ हजार ६५३ परिवार प्रत्यक्ष प्रभावित भएका छन् । विपद्का कारण प्रदेशमा ४ हजार ७२७ वटा घर पूर्णरुपमा नष्ट भएका छन् भने ५ हजार ८९६ वटा घरमा आंशिक क्षति पुगेको छ । जसमा कुल आर्थिक क्षति ६ अर्ब ९५ करोड ४१ लाख ७१ हजार ७१८ रुपैयाँ बराबरको रहेको मन्त्रालयले जनाएको छ ।

तथ्यांकअनुसार सबैभन्दा बढी घटना काठमाडौं जिल्लामा भएको छ । काठमाडौंमा १० वर्षमा १ हजार ७७८ वटा घटनाहरु भएका छन् । मानवीय क्षतिको हिसाबले चितवनमा सबैभन्दा बढी १४९ जना र सिन्धुपाल्चोकमा ११६ जनाको मृत्यु भएको छ । बेपत्ता हुनेको संख्या सिन्धुपाल्चोकमा सबैभन्दा उच्च ६५ जना रहेको देखिएको छ ।

जिल्लाअनुसार मृत्यु हुनेमा काभ्रेमा ११९ जनाको विभिन्न विपद्को घटनामा परेको मृत्यु भएको छ भने काठमाडौंमा ११३ जना, मकवानपुरमा ११२ जना, धादिङमा ९० जना, ललितपुरमा ७८ जना, सिन्धुलीमा ६८ जना, रसुवामा ५३ जना, दोलखामा ४४ जना, रामेछापमा ४१ जना, नुवाकोटमा ३६ जना, भक्तपुरमा १९ जनाको मृत्यु भएको छ ।

बिगत १० वर्षमा विपद्का विभिन्न घटनामा परी कुल २ हजार ३११ जना घाइते भएका छन् । तथ्यांकअनुसार काठमाण्डौ जिल्लामा सबैभन्दा धेरै ४४७ जना घाइते भएका छन् भने रामेछाप जिल्लामा सबैभन्दा कम ६६ जना घाइते भएको देखिन्छ ।

जसमा काठमाडौंमा ४४७ जना, मकवानपुरमा ३९१ जना, चितवनमा ३१७ जना, काभ्रेमा १६८ जना, सिन्धुलीमा १५१ जना, धादिङमा १३७ जना, सिन्धुपाल्चोकमा १३३ जना, ललितपुरमा १२६ जना, भक्तपुरमा ११७ जना, दोलखामा ९३ जना, नुवाकोटमा ८७ जना, रसुवामा ७८ जना र रामेछापमा ६६ जना रहेका छन् ।

घटनाको प्रकृति हेर्दा १० वर्षमा सबैभन्दा धेरै आगलागीका ४ हजार २३ वटा घटना भएका छन् । जसमा १८० जनाको मृत्यु भएको छ भने ५ अर्ब ४२ करोड भन्दा बढीको क्षति भएको छ । तर, मानवीय हिसाबले पहिरो सबैभन्दा घातक देखिएको छ ।

प्रदेशमा ९२८ वटा पहिरोका घटनामा परी ४६७ जनाले ज्यान गुमाएका छन् भने १०७ जना बेपत्ता भएका छन् । ३४१ वटा बाढीका घटनामा १०० जनाको मृत्यु भएको छ भने १ अर्ब १९ करोडको क्षति भएको छ । चट्याङका कारण ११४ जना र जनावर आतंकबाट ७३ जनाले ज्यान गुमाएका छन् ।

मन्त्रालयको यो तथ्यांक अनुसार ग्रामीण तथा पहाडी जिल्लाहरूमा पहिरो र बाढीको जोखिम उच्च रहेको देखिन्छ । प्रदेशमा आगलागीका घटना ४ हजार २३ वटा भएका छन् भने पहिरोका ९२८ वटा, चट्याङका ३७२ वटा, जंगल आगलागीका ३५६ वटा, बाढीका ३४१ वटा, जनावर आतंक ३३८ वटा, भारी वर्षाका २५८ वटा, हावाहुरीका १०४ वटा, भूकम्प, सर्पदंश, हवाई दुर्घटना आदि १०९ वटा भएका छन् ।

मनसुनजन्य र आगलागीबाट प्रभावितहरूको निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि लागत साझेदारीमा मन्त्रालयले १६ करोड ५७ लाख ५ हजार रुपैयाँ प्रदान गरेको उनले बताइन् । त्यस बाहेक मनसुनजन्य विपद् न्यूनीकरणका लागि स्थानीय तहहरुलाई २ करोड ३० लाख रुपैयाँ उपलब्ध गराइएको छ भने जोखिममा रहेका बस्ती संरक्षण र पूर्वाधार मर्मतका लागि ३० वटा स्थानीय तहलाई ७ करोड ९० लाख दिने निर्णय भएकोमा हालसम्म ३ करोड ८५ लाख निकासा भइसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

प्रदेशका १३ वटै जिल्लाहरुमा विपद् व्यवस्थापन कोषमा तत्काल प्रतिकार्यका लागि प्रतिजिल्ला ५ लाखका दरले ६५ लाख रुपैयाँ निकासा गरिएको उनले बताइन् । मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरू, सुरक्षा निकाय र स्थानीय तहहरूलाई विपद् राहत सामग्री हस्तान्तरण गरेको छ ।

मन्त्रालयले विपद्को समयमा छिटो र छरितो कार्य गर्न 'युनिफाइड कमाण्ड टिम' र 'मनसुन प्रतिकार्य कमाण्ड पोष्ट' समेत स्थापना गरेको छ भने स्थानीय तहहरूमा विपद्माा खटिनका लागि स्वयंसेवक समूहहरु गठन गरिएको छ । क्षमता विकासका लागि विभिन्न तालिम, सचेतनामूलक कार्यक्रम र नारायणी नदीलगायतका स्थानमा कृत्रिम अभ्यास सञ्चालन गरिएको छ ।

हेटौंडा र नुवाकोट तथा काभ्रेमा प्रदेश गोदामघरहरु निर्माण गरी राहत तथा उद्धार सामग्रीको सार्वजनिक खरिद ऐनअर्न्गत खरिद र भण्डारण सुदृढ बनाइएको सूचना अधिकारी कार्कीले बताइन् ।

विपद् व्यवस्थापनका क्षेत्रमा मन्त्रालयले केही सकारात्मक प्रयासहरू गरेको देखिन्छ । पीडितलाई राहत वितरण, एकीकृत कमाण्ड प्रणालीको स्थापना, 'युनिफाइड कमाण्ड टिम' तथा 'मनसुन प्रतिकार्य कमाण्ड पोष्ट' सञ्चालन, स्वयंसेवक परिचालन, तालिम तथा कृत्रिम अभ्यास सञ्चालनजस्ता कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । साथै, हेटौंडा, नुवाकोट र काभ्रेमा गोदामघर निर्माण गरी राहत सामग्रीको भण्डारण प्रणालीलाई सुदृढ बनाउने प्रयास गरिएको छ ।

## आजदेखि वीरगञ्जको मुख्य सडक विस्तार गरिँदै



सन्देश संवाददाता

वीरगञ्ज/लामो समयदेखि रोकिएको वीरगञ्जको मुख्य सडक विस्तारको काम आज बिहान आइतबार देखि सुरु हुने भएको छ । सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार त्रिभुवन राजपथ अन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गरिनेछ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद दाहालका अनुसार सडकको मध्य भागबाट २५ मिटर क्षेत्रभित्र पर्ने घर, टहरा तथा अन्य संरचना हटाउने काम भोली बिहानदेखि थालिने बताए ।

त्यसका लागि हेटौंडाबाट डोजर, जेसीबी र एक्सा भेटरसहित ९ वटा उपकरण वीरगञ्ज ल्याउने कार्य भइरहेको समेत जनाए । वीरगन्ज ल्याइसकिएको छ ।

सडक विस्तारलाई प्रभावकारी बनाउन एकैसाथ पाँच स्थानबाट काम सुरु गर्ने तयारी गरिएको छ । यसका लागि वीरगञ्ज महानगर पालिका, प्रहरी तथा अन्य सरोकार वाला निकायसँग समन्वय भइरहेको छ ।

सर्वोच्च अदालतले २०८१ फागुन २८ गते उक्त सडक विस्तार सम्बन्धि मुद्दामा सरकारको पक्षमा फैसला गर्दै विपक्षीको रिट खारेज गरेपछि परियोजना अघि बढ्ने बाटो खुलेको हो ।

यसअघि करिब एक हजार २०० घरधनीले मुआब्जा र वैकल्पिक सडकको माग गर्दै रिट दायर गरेका थिए, जसका कारण झन्डै १३ वर्षदेखि सडक विस्तार अन्योलमा परेको थियो ।

अब अदालतको निर्णयपछि प्रशासनले संरचना हटाउँदै चरणबद्ध रूपमा सडक विस्तार अघि बढाउने तयारी गरेको छ ।

# अस्पताल भवन निर्माणमा ढिलासुस्ती भएपछि छड्के




सन्देश संवाददाता

चितवन/चितवनको रत्ननगर नगरपालिका-२ स्थित बकुलहर रत्ननगर प्रादेशिक अस्पतालको निर्माणाधीन मातृशिशु भवनको काममा ढिलासुस्ती भएपछि बागमती प्रदेशका मन्त्रीहरूले सक्रियता देखाएका छन् । भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेश चन्द्र देवकोटा र स्वास्थ्य मन्त्री किरण थापाले आइतबार अस्पतालको स्थलगत अनुगमन गरी कामको अवस्थाबारे जानकारी लिएका हुन ।

निर्धारित समयसीमा सकिएर पटक-पटक म्याद थप गर्दा पनि भवन निर्माण सम्पन्न नभएपछि मन्त्रीद्वयले निर्माण पक्ष तथा मन्त्रालयका प्राविधिकहरूसँग ढिलाइ हुनुको कारण सोधपुछ गरे । अनुगमनका क्रममा भौतिक पूर्वाधार विकास मन्त्री डा. देवकोटाले बाँकी समयभित्रै भवन हस्तान्तरण गर्ने गरी निर्माण कम्पनीका मुख्य सञ्चालक (प्रोपाइटर) आफैँ उपस्थित भएर लिखित प्रतिबद्धता जनाउन निर्देशनसमेत दिए ।

'अब कर्मचारीको भर परेर हुँदैन, मुख्य प्रोपाइटरले नै हामीसँग सिधै सम्पर्क गरी काम सक्ने ठोस प्रतिबद्धता दिनुपर्छ,' मन्त्री देवकोटाले भने, 'हामी काम तपाईंहरूबाटै सम्पन्न होस् भन्ने चाहन्छौं, तर प्रगति देखिएन भने अब म्याद थपिने छैन । बरु जरिवाना गर्ने वा कानुनी प्रक्रियामार्फत् अर्को विकल्प खोज्न बाध्य हुनेछौं ।'

***भवन अभावले सेवा प्रवाहमा सास्ती :***

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गोपाल कर्माचार्यले भवन अभावकै कारण अस्पतालले धेरै समस्या झेल्नुपरेको बताए । उनका अनुसार दैनिक करिब १५ सयदेखि १९ सय सेवाग्राही आउने यस अस्पतालमा पूर्वाधार अभावले सेवा विस्तारमा अवरोध पुगेको छ । 'हामीसँग डायलासिसका ५ वटा मेसिन छन्, तर ठाउँ नहुँदा ती थन्किएका छन् । सिटी स्क्यान मेसिन आउँदैछ, त्यसलाई राख्ने ठाउँ छैन,' कर्माचार्यले गुनासो गरे, 'ओपिडीमा एउटै कोठामा दुईजना डाक्टर बस्नुपर्ने र दुईजना बिरामीलाई एउटै बेडमा राखेर उपचार गर्नुपर्ने बाध्यता छ । एउटा मात्र शल्यक्रिया कक्ष हुँदा चिकित्सकहरूले पालो पर्खिनु पर्छ ।' नयाँ भवन हस्तान्तरण भएमा २०८३ असारभित्रै बिरामीलाई सहज सेवा दिन सकिने उनको भनाइ छ ।

***७० प्रतिशत भौतिक प्रगति, चालु आर्थिक वर्षभित्रै सकिने***

शहरी विकास तथा भवन कार्यालयका महाशाखा प्रमुख भूपेन्द्र यादवका अनुसार दुई कट्ठा क्षेत्रफलमा निर्माणाधिन तीनले भवनको करिब ७० प्रतिशत भौतिक प्रगति भएको छ । भवनको मुख्य संरचना (सिभिल) को काम सम्पन्न भए पनि फिनिसिङ, एच.भी.ए.सी., स्यानिटरी र विद्युतीय जडानका थोरै कामहरू बाँकी छन् ।

निर्माण अवधि दुई पटक सम्म थप भइसकेकाले अब पुनः म्याद नथप्ने पक्षमा कार्यालय रहेको छ । महाशाखा प्रमुख यादवले भने, '२०७८ चैत २३ मा सम्झौता भई २०८० सालमै सम्पन्न हुनुपर्ने यो आयोजनाको म्याद दुई पटक थपि सकिएको छ । अब म्याद थप गर्ने सुविधा छैन, त्यसैले २०८३ जेठ २९ गतेसम्म काम सक्न निर्माण व्यवसायीलाई कडा दबाब दिनेछौं ।' यता निर्माण कम्पनी 'आशिष योगेश्वर गृह जेभी' का प्रतिनिधि विराट गोलले प्रशासनिक र प्राविधिक जटिलताका कारण काममा ढिलाइ भएको दाबी गरे । सम्झौता भएको लामो समयपछि मात्र कार्यसम्पादन आदेश पाउनु, साइट क्लियर गर्न ढिला हुनु र आयोजना स्थानीय तहबाट प्रदेश सरकारमा हस्तान्तरण हुँदा केही अलमल भएको उनको तर्क छ । 'अन्तर्राष्ट्रिय बजारबाट आउनुपर्ने सामानहरू केही दिनमै आइपुग्छन्, हामी तोकिएको समयमै काम सक्छौं,' उनले मन्त्रालयसंग प्रतिबद्धता व्यक्त गरे ।

२०२४ सालमा स्वास्थ्य चौकीका रूपमा स्थापना भएको यो अस्पताल २०७७ मा प्रदेश सरकार मातहत ५० शैयाको अस्पतालमा स्तरोन्नति भएको थियो । २०७३ फागुनदेखि विशेषज्ञ प्रसूति सेवा सुरु गरेको यस अस्पतालले २०७४ मंसिर २० गते पहिलो पटक शल्यक्रिया मार्फत् सफल सुत्केरी सेवा प्रदान गरेको थियो ।

करिब १४ करोड ५८ लाख रुपैयाँको लागत अनुमान गरिएको यस मातृशिशु भवन निर्माणका लागि ९ करोड ५८ लाखमा ठेक्का सम्झौता भएको थियो ।

## सर्वोच्चको निर्णय मान्न सबै कांग्रेसीलाई प्रदेश सभापतिको आग्रह



सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको आधिकारिकता दाबीसम्बन्धि विवादमा सर्वोच्च अदालतबाट अन्तिम निर्णय भइसकेपछि नेपाली काँग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पार्टीभित्र एकतामा जोड दिएका छन् ।

बानियाँले कांग्रेस सधैं नीति, विधि र न्यायिक निर्णयको पक्षमा दृढ रहने पार्टी भएको भन्दै सर्वोच्च अदालतको निर्णयलाई सम्मान गरी पार्टीभित्रको आन्तरिक एकता सुदृढ बनाउन सबै कांग्रेसजनलाई आह्वान गरेका हुन् ।

विज्ञप्तिमा नियमित महाधिवेशन र विशेष महाधिवेशन पक्षबीच मतभेद रहेको स्वीकार गर्दै अदालतले अन्तिम टुंगो लगाइसकेको अवस्थामा अब सबैले निर्णयलाई स्वीकार गरी अघि बढ्नुपर्ने उल्लेख गरिएको छ ।

बानियाँले आगामी १५औं महाधिवेशनलाई भव्य र सफल बनाउन पार्टीका सबै तहका नेता-कार्यकर्ता, भ्रातृ तथा शुभेच्छुक संस्थाहरू र समर्थकहरू एकताबद्ध भएर लाग्नुपर्ने बताएका छन् । उनले सबैलाई समेटेर अघि बढ्ने जिम्मेवारी नेतृत्वको काँधमा आएको बताउदा सक्रिय भूमिका निर्वाह गर्न अनुरोध गरेका छन् । "पार्टीको आन्तरिक एकता बलियो बनाउँदै महाधिवेशन सफल बनाउनु आजको आवश्यकता हो," विज्ञप्तिमा भनिएको छ ।

## भारतीय सवारी रोकिँदा सर्लाही सीमामा तनाव

सन्देश संवाददाता

सर्लाही/सर्लाहीको सीमा क्षेत्रमा भारतीय सवारी साधन नियन्त्रणमा लिएपछि केहीबेर तनाव सिर्जना भएको थियो । दुवै देशका सुरक्षाकर्मीबिच भएको छलफल र सवारी साधन फिर्ता गरिए पछि अवस्था सामान्य बनेको छ ।

सीमामा सवारी आवागमनमा कडाइ गरिएपछि किसानहरूलाई खेतीपातीमा समस्या उत्पन्न भएको छ । सर्लाहीको भारत-नेपाल सीमामा पर्ने भारतको सोनबरसा थानास्थित इन्दरवा गाउँ नजिक भएको एक घटनाले सीमा क्षेत्रमा केहीबेर तनावको अवस्था सिर्जना गरेको थियो । नेपालतर्फ रहेको आफ्नो खेततर्फ जाँदै गरेका एक भारतीय नागरिकको मोटर साइकल सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि विवाद सुरु भएको हो ।

घटनापछि आक्रोशित भारतीयहरूले नेपाली मोटरसाइकलहरूसमेत नियन्त्रणमा लिन थालेपछि अवस्था थप जटिल बनेको थियो ।

# सुमो र स्कारपियो ठोक्किँदा ९ घाइते



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा भिमफेदी गाउँपालिका-६ जुरिखेतस्थित हेटौंडा-भिमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा शनिबार साँझ सुमो र भारतीय स्कारपियो एकआपसमा ठोक्किँदा ९ जना घाइते भएका छन् । शनिबार साँझ करिब ६:१० बजे काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना.३च ६०५२ नम्बरको सुमोलाई सोही दिशाबाट ओभरटेक गर्ने क्रममा ब्यच२२ब्ज २५१७ नम्बरको भारतीय स्कारपियोले ठक्कर दिएको प्रहरीले जनाएको छ । ठक्करपछि दुवै सवारी साधन सडकमै पल्टिएका थिए ।

दुर्घटनामा सुमोमा सवार ४ जनामध्ये २ जना घाइते भएका छन् । घाइते हुनेमा पर्साको वीरगञ्ज महानगरपालिका-१४ का ४८ वर्षीय महाबुव आलम मन्सुरी रहेका छन्, जसको ढाडमा सामान्य चोट लागेको छ । त्यसैगरी हेटौंडा उपमहानगर पालिका-५ शान्तीनगरका ४१ वर्षीय न्युटनबहादुर क्षेत्री दाहिने खुट्टा, हात, टाउको र छातीमा सामान्य चोट लागेर घाइते भएका छन् । सुमोमा रहेका अन्य दुईजना भने सकुशल रहेको प्रहरीले जनाएको छ ।

त्यस्तै भारतीय स्कारपियोमा सवार ७ जना सबै घाइते भएका छन् । भारतको बेतिया निवासी २६ वर्षीय सरुप पटेलको दाहिने खुट्टामा सामान्य चोट लागेको छ। ३२ वर्षीय गौरब कुमार सराफ, २६ वर्षीय रिसबकुमार सर्राफ (दाहिने हात र खुट्टामा चोट), ३५ वर्षीया रेश्मी देवी सराफ (दाहिने खुट्टा), ६५ वर्षीया शिला देवी सराफ सामान्य घाइते भएका छन् ।

११ वर्षीय रबी कुमार सराफको कम्मर र पेटमा सामान्य चोट लागेको छ भने १५ वर्षीया नन्दनीकुमारी सराफको कम्मर र पेटमा मध्यम चोट लागेको छ । प्रहरीका अनुसार दुर्घटनामा संलग्न दुवै सवारी साधन घटनास्थलमै रहेका छन् भने सडक अवरोध नभएको जनाइएको छ ।

*गजल मञ्च २२ औं स्थापना दिवस*

# गजल यात्रा-५ विमोचन



सन्देश संवाददाता

हेटौडा/हेटौडा गजन मञ्च मकवानपुरले आफ्नो २२ औं स्थापना दिवस तथा २३५ औं गजल यात्राको अवसरमा 'गजल यात्रा-५' नामक मुखपत्र विमोचन तथा आजीवन सदस्यता परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

मञ्चका अध्यक्ष संजित श्रेष्ठको सभाध्यक्षाता रहेको कार्यक्रममा प्रमुख अतिथिका रूपमा साहित्यकार डा. निमेष निखिल तथा विशिष्ट अतिथिकारूपमा वरिष्ठ गीतकार तथा गजलकार तुलसी घिमिरे सहभागी थिए । कार्यक्रममा मञ्चका सल्लाहकार, पूर्व अध्यक्षहरू, विभिन्न साहित्यिक संघ-संस्थाका प्रतिनिधि, गजलकार तथा अन्य साहित्यिक व्यक्तित्वहरूको उपस्थिति थियो ।

उक्त अवसरमा 'गजल यात्रा-५' नामक प्रकाशन सार्वजनिक गरिएको हो । पुस्तकमा गजलसम्बन्धि लेख, २०८२ सालमा मञ्चले गरेका गतिविधिहरूको विवरण तथा ४१ जना अग्रजदेखि नवसर्जकसम्मका सर्जकहरूका गजलहरू समावेश छन् । सम्पादन मण्डलाका तर्फबाट देवराज तिवारीले प्रकाशनबारे जानकारी दिएका थिए ।

त्यसैगरी मञ्चले सञ्चालन गरेको आजीवन सदस्यता अभियान अन्तर्गत २४ जना नयाँ सदस्यलाई परिचयपत्र वितरण गरिएको छ भने संस्थाको स्थापनाकालदेखि नै सहयोग पुऱ्याउँदै आएका मुक्तिगोविन्द वैद्यलाई मानार्थ सदस्यता प्रदान गरिएको संस्थाले जनाएको छ ।

कार्यक्रममा मनिका नेगी, राजकुमार चौधरी, स्वस्तिका दाहाल, मिथिला अधिकारी, सुवास सजल, देवराज लामिछाने, केशव सुवेदी समर्पण, अनिल कोइराला, हरि पौड्याल, प्रह्लाद चौलागाईं, देवराज तिवारी, केशव तौजल्य, तुलसी घिमिरेलगायतले गजल वाचन तथा गायन प्रस्तुत गरेका थिए ।

कार्यक्रमको सहजीकरण संस्थाका सह-सचिव गौरी कँडेलले गरेकी थिइन् भने स्वागत मन्तव्य उपाध्यक्ष हरि पौड्यालले व्यक्त गरेका थिए ।

*होर्मुज स्ट्रेटमा फेरि तनाव :*

# दुई भारतीय जहाजमा गोलीबारी



सन्देश संवाददाता

काठमाडौं/स्ट्रेट अफ होर्मुजमा फेरि तनाव सिर्जना भएको छ । शनिबार दुई भारतीय जहाजमा गोलीबारी भएका समाचार बाहिरिएका छन् ।

भारतका झन्डावाहक दुई जहाजमाथि गोलीबारी भएपछि दुवै जहाजले आफ्नो बाटो मोड्नुपरेको बीबीसी हिन्दीले लेखेको छ । बीबीसीले समुद्रमा ट्यांकर आवतजावतको रेखदेख गर्नेवाला वेबसाइट 'ट्यांकरट्र्याकर्स'लाई उध्दृत गर्दै दुई भारतीय जहाजमाथि गोलीबारी भएपछि बाटो मोड्नुपरेको लेखेको छ ।

भारतीय कार्गो जहाज शीप जग अर्नव र तेल ट्यांकर सनमार हेराल्डमाथि इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कोर(आईआरजीसी)ले गोलीबारी गरेर आफ्नो बाटोबाट हट्न आदेश दिएको समाचार छ ।

त्यसपछि दुवै जहाज युटर्न लिएर फर्किएका थिए । तेल ट्यांकर सनमार हेराल्डले इराकबाट तेल भरेर ल्याएको भनिएको छ ।

शनिवारै बेलायतको मेरिटाइम ट्रेड अपरेसन्सले होर्मुज स्ट्रेटमा एक ट्यांकरमा आईआरजीसीले गोलीबारी गरेको बताएको थियो । उसले ओमानबाट २० नटिकल माइल उत्तरपूर्वमा त्यो घटना भएको जनाएको छ ।

यसअघि शुक्रबार मात्रै इरानी विदेशमन्त्री अब्बास अरागचीले होर्मुज स्ट्रेट पूर्णरूपमा खुला भएको घोषणा गरेका थिए । शनिबार भने इरानी मिडियाले होर्मुज स्ट्रेट बन्द भएको खबर दिएका थिए । इरानी मिडियाका अनुसार इरानी सेनाले होर्मुजमा फेरि आफ्नो नियन्त्रण कायम भएको भन्दै समाचार आएको थियो । त्यसपछि कैयौं जहाज त्यहाँबाट छोडेर आफ्नो बाटो बदलेका थिए ।

उता अमेरिका र इरानबीचको युद्धविराम सम्झौतामा अब चार दिन मात्रै बाँकी छन् । हालसम्म उनीहरूबीच अर्को चरणको शान्तिवार्ताको कुनै टुंगो लागिसकेको छैन । यसअघि पाकिस्तानको इस्लामावादमा भएको शान्तिवार्ता विनानिष्कर्ष टुंगिएको थियो ।

आजै ट्रम्पले इरानले बुधबार (अप्रिल २२) भित्र ठूलो सम्झौता नगरेर फेरि बमबारी सुरु गर्ने बताएका छन् ।

**उखान**: गयो डोटी, खायो रोटी, हिड्ने बेलामा धोती न टोपी ।

**बेलाको बोली**

आशावादी व्यक्ति कठिन परिस्थितिहरूमा पनि आशावादी रहन्छन् । त्यस परिस्थितिमा आफ्नो अवसर खोज्छन्। नकारात्मक व्यक्तिहरू हरेक समय बहाना खोजिरहन्छन् । -अज्ञात

## सम्पादकीय

### उच्चपदस्थको सम्पति छानबिन सकिन्छ ?

*नेपाल सरकारले ०६२/६३ को ऐतिहासिक राजनीतिक परिवर्तनयता सार्वजनिक पदमा रहेका उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरुको सम्पत्ति छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा उच्चस्तरीय आयोग गठन गरेको छ । यसअघि सार्वजनिक गरिएको सय बुँदे सुशासन कार्ययोजनाअन्तर्गत पहिलो चरणमा ०६२/६३ देखि हालसम्मका पदाधिकारीहरुको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र छानबिन गर्ने तथा दोस्रो चरणमा त्यसअघिका पदाधिकारीहरुलाई समेट्ने योजना अघि सारिएको थियो । सोहीअन्तर्गत आयोग गठनको पहललाई सुशासन, पारदर्शिता र जवाफदेहिताको दिशामा एउटा महत्वपूर्ण तर जोखिमपूर्ण कदमका रुपमा हेर्न सकिन्छ ।*

*नेपालमा उच्चपदस्थहरुको सम्पत्ति छानबिन कुनै नयाँ एजेण्डा होइन, यो दशकौंदेखि दोहोरिँदै आएको एजेण्डा हो । २०५८ सालदेखि २०४७ पछिका पदाधिकारीहरुको सम्पत्ति छानबिन गर्न भैरव लम्सालको नेतृत्वमा आयोग गठन गरिएको थियो । उक्त आयोगले धेरैलाई अनियमिततामा संलग्न ठहर गरे पनि प्रतिवेदन कार्यान्वयन हुन सकेन । यसले हाम्रो प्रणालीको ठूलो कमजोरी राजनीतिक इच्छाशक्तिको अभावलाई स्पष्टरुपमा देखायो । त्यसयता पनि बारम्बार यस्तो माग उठाउँदै आए पनि सत्ता समीकरण र पारस्परिक संरक्षणको नीतिले यो विषय ओझेलमा पर्दै गएको थियो । अवैधरुपमा सम्पत्ति आर्जन गर्नेहरुमा कानुनी कारवाहीको मात्र होइन, सामाजिकरुपमा पनि उत्तरदायित्वको दबाब सिर्जना हुनेछ । यसले राजनीतिलाई सेवा होइन, कमाइको माध्यम बनाउने प्रवृत्तिमा नियन्त्रण ल्याउने अपेक्षा गर्न सकिन्छ ।*

*नेपालमा अनुसन्धान निकायहरुको स्वायत्तता, प्रमाण संकलनको क्षमता र न्यायिक प्रक्रियाको गतिमा समस्या छ । सबैभन्दा जोखिमपूर्ण सवाल त राजनीतिक हस्तक्षेपको छ । छानबिनको दायरामा को-को पर्छन्, कसरी प्रमाण जुटाइन्छ र निष्कर्षमा पुग्दा कत्तिको निष्पक्षता कायम रहन्छ भन्ने कुराले आयोगको विश्वसनीयता निर्धारण गर्नेछ । अझ महत्वपूर्ण कुरा, प्रतिवेदन कार्यान्वयनको चरणमा राजनीतिक इच्छाशक्ति कत्तिको बलियो रहन्छ भन्ने हो । बिगतको जस्तो प्रतिवेदन तयार गरेर दराजमै थन्क्याइयो भने यो ठूलो धोका मात्र हुने छैन, यसले अझ आक्रोश जन्माउने खतरा रहनेछ । रास्वपा दललाई पनि पुरानै दलको झैं काम हुन्छ कि भन्नेमा आंशका उब्जिएको छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | लगनशीलताले समाधान दिलाउन सक्छ । सामाजिक नेतृत्व हात लागी हुनेछ। व्यापारमा फाइदै हुनेछ। तर विरोधीहरूले दुःख दिनेछन् । | **बृष** | पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। खर्च लागे पनि रोकिएका काम बन्नेछन्। लामो यात्रा गर्ने अवसर जुट्नुका साथैक्षेत्र लाभदायक रहनेछ। |
| **मिथुन** | घर-परिवारमा असमझदारी बढ्न सक्छ। फजुल खर्च बढ्नेछ भने काममा पनि उल्झन आउन सक्छ। बेसुरमा दिइएको वचनले समस्या हुनेछ । | **कर्कट** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तत्काल फाइदा लिँदा नोक्सान हुनेछ। |
| **सिंह** | सजग रहनुहोला । समस्या र अर्थअभाव एकसाथ सामना गर्नुपर्ने देखिन्छ । आँटेको काम रोकिन सक्नेछ। गरेको श्रमबाट नहुन सक्छ। | **कन्या** | छिद्र खोतल्नेहरूले दुःख दिनेछन्, विशेष योजना राखेर अघि बढ्नुहोला शुभचिन्तकहरूको-सहयोग जुट्नाले काम सम्पादन गर्न सकिनेछ । |
| **तुला** | परिस्थितिअनुसार नियम मिचेर भए पनि कुनै काम गर्न अघि सर्नुपर्ला प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । | **बृश्चिक** | चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ। नयाँ अवसर पाइनेछ। तर चुनौती समेत देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला । |
| **धनु** | मान-सम्मानमा समेत आघात पुग्ने सम्भावना छ । आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। श्रम-अनुसार सोचेको फाइदा नहुन सक्छ। | **मकर** | विशेष कर्म प्राप्तिको योग छ । होसियारीसाथ काममा जुट्नुपर्ला कुनै विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। |
| **कुम्भ** | नियमित काममा भने सामान्य चासो लिँदा झमेला आइलाग्न सक्छ । विवादास्पद जिम्मेवारी आउला सावधानीले मात्र कार्यसिद्धि हुनेछ । | **मिन** | बोली-व्यवहारमा अलि सजग रहनुपर्ला हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ। |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८५५०६७२३६,
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# थिमीको धार्मिक तथा सांस्कृतिक विशेषता



✍डा. माधव अधिकारी



मध्यपुर थिमी ऐतिहासिक, कला, संस्कृति र शिल्पकारिताका कारण विश्वप्रसिद्ध छ मुख्यतः यो सहर जात्राका लागि प्रख्यात छ । हुन त यहाँ वर्षभरि नै विभिन्न जात्रा तथा मेलाहरु लाग्ने गर्छ । विशेष गरी नयाँ वर्षको आगमनमा यहाँ मनाइने प्रख्यात बिस्का जात्राहरूका बारेमा यहाँ संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

*दक्षिणबाराही गण जात्रा :*

यो जात्रा सूर्यविनायक नगरपालिकाको क्वाछें स्थित दक्षिणबाराहीको नेतृत्वमा वैशाख १ गते राति हुन्छ । चान्हसिया जात्रा भनेर पनि चिनिने यस जात्रामा दधिकोट, हिञ्चोकस्थित हरसिद्धि र थिमी, यमाटोलस्थित अजिमासहित तीनवटा खटको सहभागिता रहन्छ । यो जात्रा बालकुमारी कुहाँ बिज्याकेगु अर्थात् थिमिको नगरदेवता बालकुमारी लाई स्थानीय लायकूबाट क्वलाखुस्थित बालकुमारी मन्दिरमा प्रदर्शन गर्न लगिने जात्रा सम्पन्न भएलगत्तै प्रारम्भ हुन्छ। दक्षिणबाराही गुठीको पालो परेको घरबाट प्रारम्भ हुने यो जात्रा नगरको विभिन्न स्थानको परिक्रमापश्चात् क्वोलाखु पुगेर सम्पन्न हुन्छ ।

सिद्धिकाली गण जात्रा :

सिद्धिकाली गणको जात्रा वैशाख १ गते साँझ सुरु हुन्छ। कुटिंचिवाबाट इनाएक्वमा रहेको मन्दिर परिसरमा सिद्धिकालीको खट ल्याइन्छ। यहाँ हात्ती महाँकालका कोशिना गणेश, चपाचोबाट विश्व विनायक, इनाय्लाछीका राज गणेश, चोडेबाट निलवर्ण गणेश, शिवाटोलबाट सिद्धिगणेश, दिगुलीका दिगुगणेश र गाँचाननीका गाँचाननी गणेशलाई आ-आफ्नो ठाउंबाट जात्रा गरी इनाय्क्वमा ल्याउँछन् । चपाचोको विश्वविनायक लाई भने इनाय्क्वको प्रवेशद्वार ध्वाखाबाहिर बिसाइन्छ। विश्वविनायक र सिद्धिकालीका नाग-वाहन सहअस्तित्वमा रहन नहुने र भएमा ठूलो विपत्ति आइलाग्छ भन्ने किंवदन्तीहरू छन् ।

विष्णुवीर गण जात्रा :

यो जात्रा सुँगाटोलस्थित विष्णुवीरको नेतृत्वमा वैशाख १ गतेको साँझ सुरु हुन्छ । बायिसंसिया जात्रा भनेर चिनिने यो जात्रा सुँगाटोलबाट प्रारम्भ भई नगरको विभिन्न स्थानको परिक्रमापश्चात् क्वलाखु टोलमा पुगेर सम्पन्न हुन्छ। सुंगाटोलस्थित विष्णुवीर मन्दिर परिक्रमा गरी कय्कूताँ जाने क्रममा विष्णुवीरलाई लास लगेझैँ सी बाजा बजाएर जात्रालुहरू मलामी गएसरी टोपी फुकालेर भावुक मुद्रामा जाने गर्छन्। कय्कूताास्थित पोखरी डिलमा पुगेपछि पुन धिमेबाजा बजाएर हर्षोल्लासका साथ जात्रा सुरु गरिन्छ ।

*सिद्धिगणेश बायिलसिया जात्रा :*

नगदेश क्षेत्रमा सिद्धिगणेशको जात्रा हुन्छ । सिद्धिगणेश जात्रा वैशाख १ र २ गते दुई दिन सञ्चालन गरिन्छ। वैशाख १ गते बेलुकाको जात्रालाई बायिलसिया जात्रा भनिन्छ । यो जात्रा स्थानीय लाछिटोलबाट प्रारम्भ हुन्छ । नगदेश लायकू प्रतिनिधिले सिद्धिगणेशलाई धनिचास्वां (एक प्रकारको फूल) र सिंदूर चढाएपछि सुरु हुन्छ। यो जात्रा नगदेशका विभिन्न टोलको परिक्रमा पछि लाछिटोल पुगेर सम्पन्न हुन्छ ।

*सिद्धिगणेश सुथसिया जात्रा :*

सिद्धिगणेशको अर्को जात्रा वैशाख २ गते बिहान सुरु हुन्छ। सिद्धिगणेशलाई नगदेशका विभिन्न टोलमा परिक्रमा गराउनुका साथै नगरपालिका बाहाखा बजार र सिउचाक्वोमा पनि परिक्रमा गराइन्छ । गणेशको खट 'देशे मरु झ्याले' सु-सज्जित सिद्धिगणेशको द्यःछें अगाडि विराजमान गराई जात्रालुलाई प्रसाद दिएर जात्रा गरिन्छ ।

*बालकुमारी जात्रा :*

क्वोलाखु टोलमा य सिं ठड्याएपछि औपचारिक रुपमा बिस्का जात्रा प्रारम्भ हुन्छ। चैत्र मसान्तमा बालकुमारीको मूल गहना (किंकिपाः) क्वोलाखुस्थित बालकुमारी मन्दिरमा भित्र्याएपछि खटजात्रा प्रारम्भ हुन्छ। यसलाई सुथसिया जात्रा भनिन्छ। वैशाख २ गते बिहान प्रारम्भ हुने यस जात्रामा थिमी क्षेत्रका दक्षिणबाराही गण, सिद्धिकाली गण लगायत २३ देवीदेवताको खटहरूको सहभागीता रहन्छन् । यी सबै खट र नगदेशको सिद्धिगणेश क्वलाखु टोलमा भेला भएलगत्तै लायकूका प्रतिनिधि (नायोपःमा) ले सिउ (बालकुमारीमा बलि दिएको बोकाको मूल प्रसाद) र सिन्दुर चढाएर जात्रा प्रारम्भ गर्छ। नगदेश सिद्धिगणेश उपस्थिति पछि मात्रै बालकुमारी जात्रा प्रारम्भ गरिने प्रचलन रहे तापनि केही वर्षदेखि सिद्धिगणेश थिमी आउने परम्परा रोकिएपछि सिद्धिकालीलाई सिउ दिएर चढाएपछि जात्रा सञ्चालन हुने गर्छ ।

*जिब्रो छेड्ने जात्रा :*

वैशाख २ गतेको दिन बोडेमा जिब्रो छेड्ने जात्रा मनाइन्छ । तान्त्रिक भीमदत्त कर्मचार्यले नगरवासीलाई दुःख दिइरहेका ख्याकलाई आफ्नो विद्यामा फसाएर सोही ख्याकलाई नगर परिक्रमा गराइएको, कसैले नदेखिने गरी भागी जाला भन्ने डरले खुट्टामा आवाज आउने गरी घुंघरु बांधि दिएको, अझ मनलाई अत्यास पार्न उक्त ख्याकलाई बलेको महादीप र त्यसमा काठको गह्रौं भारी बोकाएर जिब्रो छेडाएको किंवदन्ती रहेको छ ।

यस जात्रामा जिब्रो छेड्ने व्यक्ति र जिब्रो छेडाउने सियो बनाउने नकर्मी विशेष सम्मानका साथ बाजा बजाएर लःस कःस गरी पाँचो गणेश स्थित पाटीमा ल्याइन्छ। जहाँ जिब्रो छेडेर जात्रा सुरु गरिन्छ । बत्ती बलेको महादीप बोकी जिब्रो छेडेका मानिस बोडेका विभिन्न टोलको परिक्रमा गरेर महालक्ष्मी मन्दिर अगाडि सुइरो झिकिन्छ। सो सुइरो महालक्ष्मी मन्दिरको उत्तरमा रहेको गणेश मन्दिरमा ठोकिने चलन छ। यसरी जिब्रो छेड्ने जात्रा सम्पन्न हुन्छ ।

*खट जात्रा :*

बैशाख २ गते बिहान पाँचो क्षेत्रमा पाँचो गणेश, भुरिखा गणेश, हांसिमला गणेश, नील-बाराही, पुलां नीलबाराही, महालक्ष्मी भैरव र कालिका माई र कुमारीको खट क्रमशः लाइनमा लगाइन्छ । जिब्रो छेड्ने जात्रा सुरु भएर जिब्रो छेडेको व्यक्ति नगर परिक्रममा गएपछि प्रधान नाइकले सबै खटमा सिन्दुर चढाइन्छ। त्यसपछि महालक्ष्मीबाहेक सबै खटलाई कुमारी मन्दिर परि-सरमा पुऱ्याएर तीन पटक मन्दिरको परिक्रमा गरी खटलाई क्रमशः पाँचो ढोकामा ल्याइन्छ जहाँ महालक्ष्मीको खटले नगर जाने बाटो अवरुद्ध गर्छ। बिगतमा महालक्ष्मीको खटमा कुमारीलाई मात्र रोकिन्छ र कुमारीले महालक्ष्मीको फूल लिएर प्रवेशद्वारमा प्रवेश गर्न सक्ने भए पनि अहिले ढोकाभित्र प्रवेश गर्नका लागि सबै देवीदेवताहरूको खट महालक्ष्मीको खटमा पटकपटक ठोक्किने गरेका छन् । जिब्रो छेड्ने व्यक्तिले महालक्ष्मी मन्दिरमा गणेशको खट नपुगेसम्म जिब्रोबाट सियो निकाल्न नमिल्ने र गणेशको खट आइसकेपछि महालक्ष्मी मन्दिर परिसरको गणेश मन्दिरमा सियो निकाली किला ठोक्ने गर्छन् ।

*यःसी ठड्याउने:*

नयाँ वर्षको पूर्वसन्ध्यामा बोडेको महालक्ष्मी मन्दिर परिसरमा यस्सी (काठको खम्बा) ठड्याउने गरिन्छ। यःसिंमा कपडाका ३२ हात लामो हलिंपत्ता झुण्ड्याइन्छ जसलाई सर्पको जोडी (नाग/नागिन) को प्रतिनिधित्व मानिन्छ । रथ पुजा र वनेगुः वैशाख १ गते थिमी, नगदेश, बोडे र तिगनीमा जात्रा गरिने खटहरूमा पूजा गर्न जानेलाई रथ पूजा वा वानेगु पनि भनिन्छ। यो जात्रा हरेक वर्ष बोडेका विभिन्न टोल र समूहले आयोजना गर्ने गर्छन् । बिस्का जात्रामा बोडे, नगदेश, थिमी र तिगनीमा जम्मा ३२ वटा खट जात्रा गरिन्छ । रथ पूजामा धिमे बाजा, बाँसुरी र पछिमा बाजा बजाएर परम्परागत पोशाकमा लामबद्ध भएर सबै खटलाई प्रसाद चढाउँछन्। सो कार्यको सुरुवातमा आयोजक टोलबाट ठूलो भागमा प्रसाद चढाइन्छ । जसमा प्रायः ठूला पातको थालीमा सेवई, रोटी, खजुरी, पुरी आदि मिठाई हुन्छ ।

हिन्दु धर्ममा सबैभन्दा पहिले गणेशको पूजा हुने भएकाले बोडेको पाँचो गणेशबाट सुरु हुने र सबै ठाउँको परिक्रमा गरी बाँकी रहेका सबै प्रसाद कुमारीको खटमा अर्पण गरेर यो पूजा लाछीटोलमा समापन गरिन्छ। यो रथ पूजाको मुख्य आकर्षण भनेको परम्परागत पोसाक र परम्परागत लोक संगीतको माध्यमबाट मानिसहरूले आफ्नो संस्कृति झल्काउनु हो ।

*चान्हेसिया जात्रा :*

यो जात्रा लाछिटोलबाट कालिका माई भनेर चिनिने कुमारीको खट उठाएपछि सुरु हुन्छ । कुमारी देवीको सम्बन्धित गुठीले कुमारी देवीका लागि दसकर्म गर्छन् र त्यसपछि पूजा गर्छन् । पूजापछि चिलाख र धिमे बाजाको साथमा जात्रा सुरु हुन्छ। लायकू टोलमा खट पुगेपछि नकर्मीको घरबाट चटामारी चढाइन्छ। जात्रालुहरूले यसलाई समातेर प्रसादकोरूपमा खान्छन् ।

त्यसपछि खट बोडेको कुमारी मन्दिरमा लगिन्छ । खटलाई माथिबाट कुमारी मन्दिरतर्फ लैजाँदा धिमे बाजाले असाध्यै रमाइलो ठूलो आवाजमा संगीत बजाइन्छ। यसरी ओरालो लाग्दा कुमारी देवी ओरालोमा रुँदै गएको भन्ने किंवदन्ती छ। यस्तो भइरहेका बेला कुमारी देवीको खटको पछाडिबाट लिपिं कपडालाई गुठीका मानिसहरूले गोप्यरूपमा निकाल्छन्, खट कुमारी मन्दिर परि-सरमा पुगेपछि तीन पटक मन्दिरको परिक्रमा गरी कुमारी मन्दिर अगाडि खटलाई विश्राम गराइन्छ। जब सबै दर्शकहरू फर्किन्छन्, फेरि गुपचुपरूपमा गुठियारहरूले दसकर्म गर्छन् र त्यसपछि मध्य-रातमा खट फेरि बोडेमा लगिने प्रचलन छ ।

*साभार : कारोबार दैनिक*

# सही समयमा गर्नुपर्ने निर्णय



✍सुदीप घिमिरे

वि.सं २०८२ चैत १९ देखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) सम्पन्न भएसँगै देशभरका करिब पाँच लाखभन्दा बढी विद्यार्थी अहिले जीवनको एक महत्वपूर्ण संक्रमणकालीन चरणमा प्रवेश गरेका छन्। नेपाल सरकारले यस वर्ष एसइईको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्न निर्देशन दिएको छ। राष्ट्रिय परीक्षा बोर्डले उत्तरपुस्तिका परीक्षण तथा मार्किङ कार्यलाई तीव्ररूपमा अघि बढाइरहेको छ।

कक्षा १० पछि नतिजा पर्खने करिब एक महिना भविष्यको दिशा तय गर्ने महत्वपूर्ण अवसर हो। परीक्षाको दबाबबाट मुक्त यो अवधि विद्यार्थीका लागि 'सम्भावनाको पुल' जस्तै हो, जहाँबाट उनीहरूले आफ्नो लक्ष्य निर्धारण, सिप विकास र 'करिअर' छनोटका आधार तयार गर्न सक्छन्। यस समयको सही र योजनाबद्ध उपयोगले दीर्घकालीनरूपमा व्यक्तित्व र शैक्षिक यात्रामा सकारात्मक प्रभाव पार्न सक्छ ।

१४ देखि १६ वर्षको उमेर किशोरावस्थाको संवेदनशील चरण हो । यस समयमा विद्यार्थी शारीरिक, मानशिक र भावनात्मक रूपान्तरणबाट गुज्रिरहेका हुन्छन्। यसले उनीहरूको सोच, व्यवहार र निर्णय क्षमतामा प्रत्यक्ष प्रभाव पार्छ। परीक्षा सकिएपछि अचानक प्राप्त हुने 'खालीपन' कतिपयका लागि अलमलको कारण बन्न सक्छ। यो समय उद्देश्यहीनरूपमा बित्यो भने नकारात्मक बानीको विकास, डिजिटल उपकरणप्रतिको अत्यधिक निर्भरता तथा समयको दुरुपयोग हुने जोखिम बढ्छ। अभिभावक, शिक्षक र स्वयम् विद्यार्थी सबैले मिलेर यस अवधिलाई सचेत र सन्तुलितढंगले व्यवस्थापन गर्नु आवश्यक छ। एसइई परीक्षा र नतिजा प्रकाशनबिचको करिब एक महिनाको 'ब्रिज पिरियड' सीमित भए पनि महत्वपूर्ण हुन्छ। यस अवधिमा विद्यार्थीले सबै गतिविधि एकै पटक गर्न खोज्नुभन्दा प्राथमिकता निर्धारण गरी केही उपयोगी र उद्देश्यपूर्ण कार्यमा केन्द्रित भएमा यो समय वैज्ञानिक र परिणाममुखी बन्न सक्छ ।

*विषय छनोटमा सचेत निर्णय :*

एसइईपछि विद्यार्थी र अभिभावकका लागि सबैभन्दा ठुलो प्रश्न हुन्छ अब कुन विषय रोज्ने ? विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा वा प्राविधिक/व्यावसायिक धार ? यो निर्णय केवल तत्कालीन अध्ययनका लागि मात्र नभई भविष्यको करिअर र जीवन दिशासंग प्रत्यक्षरूपमा जोडिएको महत्वपूर्ण निर्णय हो। अझै पनि धेरै विद्यार्थीमा अंकका आधारमा मात्र विषय छनोट गर्ने प्रवृत्ति छ। दीर्घकालीन दृष्टिले यो पर्याप्त हुँदैन। किनभने अंकले क्षमता पूर्ण रूपमा मापन गर्न सक्दैन। विद्यार्थीले आफ्नो रुचि, क्षमता, व्यक्तित्व र भविष्यमा गर्न चाहेको कामलाई ध्यानमा राखेर विषय छनोट गर्नु पर्छ। विज्ञानप्रति रुचि छ भने व्यवस्थापन, मानविकी वा प्रविधिप्रति झुकाव छ भने त्यसैअनुसार निर्णय लिनु बुद्धिमानी हुन्छ ।

*सिपमूलक सिकाइको अवसर :*

एसइईपछिको समय औपचारिक अध्ययनको दबाब कम हुने भएकाले सिप सिक्न उपयुक्त अवसर हो। यस अवधिलाई उपयोगी 'स्लट' समयकारूपमा पनि लिन सकिन्छ, जहाँ विद्यार्थीले आफ्नो भविष्य निर्माणका लागि आवश्यक व्यावहारिक सिप विकास गर्न सक्छन्। सिप भनेको श्रृजनात्मकरूपमा सोच्ने, विश्लेषण गर्ने र समस्या समाधान गर्ने क्षमता हो, जुन अभ्यास र निरन्तर प्रयासबाट विकास गर्न सकिन्छ। यस समयमा विद्यार्थीले 'एमएस अफिस', 'बेसिक आइटी', 'ग्राफिक डिजाइन', 'प्रोग्रामिङ', 'फोटोसप', भिडियो सम्पादन, 'एनिमेसन', 'टाइपिङ' तथा 'अकाउन्टिङ' जस्ता सिप सिक्न सक्छन्। यी सिपले डिजिटल युगमा प्रतिस्पर्धी बन्न महत्वपूर्ण भूमिका खेल्छन्। खाना पकाउने वा खेतीपातीमा सहयोग गर्ने घरायसी काममा सहभागी हुनु पनि जीवनोपयोगी अनुभव हो। यस्ता व्यावहारिक अभ्यासले जिम्मेवारीबोध र आत्मनिर्भरता विकास गर्न मद्दत गर्छ। सही समयमा सिकेको सही सिपले विद्यार्थीलाई आगामी अध्ययन र रोजगारी दुवै क्षेत्रमा सक्षम र प्रतिस्पर्धी बनाउँछ ।

*भाषा र सञ्चार सिप विकास :*

एसइईपछिको यस अवधिमा भाषा तथा सञ्चार सिप विकासमा विशेष ध्यान दिनु पर्छ। विदेशी भाषा सिक्ने, बोल्ने र लेख्ने अभ्यास गर्ने, 'डुओलिंगो' जस्ता माध्यमको उपयोग गर्नु प्रभावकारी उपाय हो। यसले भाषा दक्षता बढाउनुका साथै आत्मविश्वास पनि वृद्धि गर्छ। वक्तृत्वकला, नेतृत्व क्षमता, सार्वजनिक सम्पर्क जस्ता सिप विकास गर्नुपर्छ। आजको युगमा सञ्चार, सहकार्य र 'नेटवर्किङ' सफलताको प्रमुख आधार बनेका छन्। विभिन्न क्लब तथा समूहमा सक्रिय सहभागिता जनाएर यी सिपलाई व्यवहारमा उतार्न सकिन्छ। यसले विद्यार्थीलाई आत्मविश्वासी, प्रभावकारी र सक्षम व्यक्तित्व निर्माण गर्न सहयोग पुऱ्याउँछ।

*सामाजिक सेवा र नेतृत्व विकास :*

विद्यार्थीले यस अवधिलाई सामाजिक सेवामूलक गतिविधिमा सक्रिय सहभागिता जनाउने महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्न सक्छन्। रक्तदान, सरसफाइ अभियान, वृक्षरोपण, पुस्तक सक्तलन, साक्षरता कार्यक्रम जस्ता कार्यले उनीहरूमा समाजप्रतिको जिम्मेवारीबोध विकास गर्न महत्वपूर्ण भूमिका खेल्छन्। रोट्र्याक्ट क्लब, लियो क्लब, टोष्टमास्टर क्लब तथा जुनियर रेडक्रस सर्कल जस्ता संस्थामा संलग्न हुन सके विद्यार्थीमा सामाजिक उत्तरदायित्व, सहकार्य भावना र नेतृत्व क्षमताको विकासमा योगदान पुग्छ। यस्ता गतिविधिबाट प्राप्त अनुभव कक्षाकोठाभन्दा बाहिरको जीवनोपयोगी शिक्षाका रूपमा स्थापित हुन्छन्। यसले विद्यार्थीलाई जिम्मेवार, संवेदनशील र सक्रिय नागरिकका रूपमा विकसित गर्न मद्दत गर्नुका साथै भविष्यप्रति सकारात्मक दृष्टिकोण निर्माण गर्न समेत सहयोग पुऱ्याउँछ।

*अध्ययन संस्कृतिको विस्तार :*

पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तक पढ्ने बानी विकास गर्नु विद्यार्थी जीवनमा लाभदायक हुन्छ। उपन्यास, कथा, कविता, निबन्ध तथा समसामयिक लेखहरूको अध्ययनले ज्ञानको दायरा फराकिलो बनाउंछ। विद्यार्थीको सोच्ने क्षमता बढ्छ। पढाइलाई केवल परीक्षाकेन्द्रित नभई जीवनमुखी बनाउने हो भने नियमित पठनसंस्कृति विकास गर्नु आवश्यक हुन्छ। यसले विद्यार्थीको भाषा सिप सुधार गर्नुका साथै कल्पना शक्ति, विश्लेषण क्षमता र आलोचनात्मक सोच पनि बढाउँछ। नेल्सन मण्डेला, महात्मा गान्धी, एपिजे अब्दुल कलाम, बिपी कोइराला, राजा महेन्द्र, मनमोहन अधिकारी, मदन भण्डारी जस्ता प्रेरणादायी व्यक्तित्वका जीवनीले विद्यार्थीलाई केवल जानकारी मात्र होइन, जीवन दृष्टि र प्रेरणा पनि प्रदान गर्छन्। यस्ता अध्ययनले विद्यार्थीमा आत्मविश्वास, नैतिक मूल्य र समाजप्रतिको बुझाइ तथा जीवनप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सहयोग पुऱ्याउँछ।

*श्रृजनात्मकता र रुचिको विकास :*

संगीत, नृत्य, चित्रकला, खेलकुद, फोटोग्राफी, कविता लेखन वा 'रोबोटिक्स' जस्ता गतिविधिमा सक्रियरूपमा सहभागी भएर यो अवधिमा विद्यार्थीले आफना लुकेका प्रतिभा पहिचान गर्न सक्छन्। यस्ता गतिविधिले श्रृजनशील सोच, आत्मविश्वास र भावनात्मक बुद्धिमत्ता विकास गर्न मद्दत गर्छन्। पढाइसँगै रुचिका क्षेत्रमा समय दिन सके भविष्यमा यही रुचि 'करिअर' को आधार बन्न सक्छ। परिवार र साथीभाइसँग ऐतिहासिक स्थल, संग्रहालय तथा प्राकृतिक स्थलहरूको भ्रमण गर्नु पनि उपयोगी हुन्छ। यस्ता भ्रमणले विद्यार्थीलाई किताबको सीमाभन्दा बाहिरको वास्तविक जीवनसँग जोड्छ र सांस्कृतिक तथा भौगोलिक ज्ञान विस्तार गर्छ। अनुभवात्मक सिकाइले अध्ययनलाई अझ अर्थपूर्ण र व्यावहारिक बनाउँछ।

यस समयमा 'ब्रिज कोर्स', अनलाइन अध्ययन सामग्रीको उपयोग र स्वअध्ययनमार्फत् कक्षा ११ को तयारी गर्न सकिन्छ। यसले नयाँ शैक्षिक चरणमा सहज प्रवेश गराउँदै अध्ययनलाई व्यवस्थित र आत्मविश्वासपूर्ण बनाउँछ। अनलाइन स्रोतहरूको उपयोग गर्दा स्वअनुशासन अत्यन्त आवश्यक हुन्छ। अत्यधिक भिडियो गेम, युट्युब, सामाजिक सञ्जाल वा 'भर्चुअल' संसारमा समय बिताउने बानीले लत बस्ने जोखिम बढाउँछ। प्रविधिको प्रयोगलाई सिकाइ र आत्मविकासमा सीमित राख्दै सन्तुलित र नियन्त्रित प्रयोग गर्ने बानी विकास गर्नु आवश्यक छ। सन्तुलित डिजिटल अनुशासनले समय व्यवस्थापन सुधार गर्दै भविष्यको अध्ययनलाई सहज बनाउँछ।

*साभार : गोरखापत्र*

# स्थानीय तहमा स्वास्थ्यका योजना तथा कार्यक्रम प्राथमिकीकरण: चुनौती र समाधान

संविधानले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ । सोहीअनुरूप स्थानीय तहमा स्वास्थ्य सेवा समायोजन भएको पनि ८ वर्ष पूरा भइसकेको छ। झण्डै एक दशक पुग्न लाग्दासमेत स्वास्थ्यलाई स्थानीय तहले पूर्णरूपमा अपनत्व लिन सकेको अवस्था छैन । योजना छनोटलगायतका प्रक्रियामा स्थानीय सरकारले स्वास्थ्य क्षेत्रलाई कम प्राथमिकता दिँदा स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा र प्राथमिकी-करण अहिले टड्कारो समस्याको रूपमा देखिएको छ ।

अझै पनि धेरै जनप्रतिनिधिले स्वास्थ्य सेवालाई संघीय सरकारकै जिम्मेवारीका रूपमा बुझ्ने गरेका छन्, जसका कारण उनीहरूले यस विषयमा खासै चासो देखाएका छैनन् । अहिले पनि स्वास्थ्य क्षेत्र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम-हरूकै भरमा सञ्चालन भइरहेको छ। वास्तवमा, संघीयताको मूल मर्म अनुसार स्वास्थ्य कार्यक्रमहरू स्थानीय आवश्यकताअनुरूप सञ्चालन हुनुपर्ने हो । हाम्रो संवैधानिक व्यवस्थाअनुसार प्रत्येक ५/५ वर्षमा जनप्रतिनिधि परिवर्तन हुन्छन् । जनप्रतिनिधिले स्वास्थ्यका प्राविधिक र नीतिगत विषय बुझ्ने बेलासम्म उनीहरूको कार्यकाल सकिने र फेरि पुरानै स्थिति दोहोरिने अवस्था छ ।

यस्तो अवस्था हुनुमा स्थानीय तहमा रहेका स्वास्थ्यकर्मी-हरूले स्वास्थ्यको महत्व र आवश्यकता जनप्रतिनिधिलाई स्पष्टसँग बुझाउन नसक्नु पनि एउटा कारण हो । हामी १-२ पटकको प्रयासमा नै हार मान्ने गर्छौं, तर यो मानसिकताबाट बाहि-रिनु जरुरी छ । जनप्रतिनिधिहरूमा स्वास्थ्य सेवा भनेको बिरामी पर्दा गरिने 'उपचारात्मक सेवा' मात्र हो भन्ने बुझाइ छ । त्यसलाई चिर्न




जनस्वास्थ्यका क्रियाकलापले समग्र नागरिकको स्वास्थ्य स्थितिमा कसरी सुधार ल्याउँछ भन्ने कुरा तथ्यमा आधारित भएर बुझाउनु आवश्यक छ । स्थानीय तहहरू अहिले योजना तथा कार्यक्रम छनोटको सुरुवाती चरणमा छन्; यो समयमा जनप्रतिनिधिलाई संलग्न गराउन सकिएन भने यस वर्ष पनि स्वास्थ्य क्षेत्रमा पुरानै नियति दोहोरिने निश्चित छ ।

१.सबै स्वास्थ्य संस्थाले आफ्नो समग्र अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।
२.स्वास्थ्य संस्थाको नियमित सञ्चालन र सेवा सुदृढीकरणका लागि आवश्यक क्रियाकलापको सूची तयार गर्ने। यस चरणमा स्थानीय समुदायमा देखिने विशिष्ट स्वास्थ्य समस्याहरूलाई प्राथमिकता दिने र व्यवस्थापन समितिमा छलफल गर्ने ।
३.व्यवस्थापन समितिबाट योजना-हरूलाई प्राथमिकीकरण गर्ने र ती योजनाको औचित्य एवं अपेक्षित प्रतिफलसहित तथ्यमा आधारित सूची तयार पार्ने ।
४.वडा समितिका पदाधिकारी र स्वास्थ्यमा चासो राख्ने सरोकारवालाहरूको बृहत् बैठक आयोजना गरी तयार पारिएको योजनामा सुझाव माग्ने र स्थानीय अपनत्व सिर्जना गर्ने ।

**पालिका तहमा के गर्ने ?**

१. स्वास्थ्य शाखा प्रमुखले पालिकाको स्वास्थ्य क्षेत्रको समग्र अवस्थाको प्रारम्भिक प्रतिवेदन तयार पार्ने ।
२.स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन कार्यहरूको वर्गीकरण गर्ने ।
३.वडागतरूपमा आवश्यकता पहिचान गर्न स्वास्थ्य संस्था प्रमुखहरूलाई अभिमुखीकरण गर्ने र तथ्यमा आधारित निर्णय प्रक्रियामा सहजीकरण गर्ने ।
४.पालिकामा सक्रिय गैरसरकारी संस्थाहरूसँग छलफल गरी उनीहरूका योजना र कार्यक्रमलाई पालिकाको योजना प्रक्रियामा सहभागी गराउने ।
५.वडा अध्यक्ष, स्वास्थ्य संस्था प्रमुख, पालिकाका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना र आर्थिक प्रशासन शाखासहितको विशेष बैठक आयोजना गरी स्वास्थ्यको समग्र विश्लेषण प्रतिवेदन पेस गर्ने र सामूहिक पैरवीको वातावरण बनाउने ।
६.वडा स्तरबाटै स्वास्थ्यका योजनाहरू छनोट भई आउने वातावरण सिर्जना गर्ने ।


योजना छनोट गर्दा कुन योजना तत्कालका लागि हो र कुन दीर्घकालीन हो भन्ने स्पष्ट हुनुपर्छ। पालिका र स्वास्थ्य संस्थाले कार्यक्रम निर्माण गर्दा जनप्रतिनिधिहरूले चुनावका बेला जारी गरेको घोषणापत्रको सूक्ष्म अध्ययन गरी त्यसलाई अहिलेको आवश्यकतासँग जोडेर योजना बनाउनु अपरिहार्य छ । जिम्मेवार स्वास्थ्यकर्मीले जनप्रतिनिधिसँग जति धेरै अन्तर क्रिया र छलफल गर्छन्, कार्यक्रम छनोट हुने सम्भावना त्यति नै बढेको पाइन्छ ।

जनप्रतिनिधिहरू प्राय: आफ्नो नाम र प्रतिष्ठासँग जोडिएका कार्यक्रममा बढी रुचि राख्नुहुन्छ । त्यसैले योजनालाई सोहीअनुसार ढाल्न सके धेरै कार्यक्रम स्वीकृत हुन सक्छन् । उदाहरणका लागि, 'नगर प्रमुख ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा' वा 'उपप्रमुख सुत्केरी पोषण कार्यक्रम' जस्ता कार्यक्रमहरू सफल देखिएका छन् । केही पालिकाले गरेका यस्ता अनुकरणीय कार्यहरूको स्थलगत अवलोकन गराउन सके निर्णय प्रक्रिया अझ सहज हुन्छ ।

अब स्थानीय तह सधैँ 'हामी कमजोर छौँ' भनेर बस्ने अवस्था छैन । संघीय सरकारबाट हस्तान्तरित सबै कार्यक्रम सबै पालिकामा मेल खाँदैनन्, न त बजेट र सञ्चालन प्रक्रिया नै सान्दर्भिक हुन्छन् । त्यसैले ससर्त अनुदानमा मात्र भर नपरी स्थानीय सरकार बिस्तारै आफैँ सबल बन्ने दिशामा हिँड्नुपर्छ । आफ्ना लागि आवश्यक नीति र कार्यक्रम आफ्नै मौलिकता र स्थानीय पनमा निर्माण गर्नु नै संघीयताको वास्तविक कार्यान्वयन हो ।

संक्षेपमा, जनप्रतिनिधि र स्वास्थ्यकर्मीबीचको निरन्तर सहकार्य, तथ्यमा आधारित योजना र स्थानीय आवश्यकताको सम्बोधनबाट मात्र स्वास्थ्य सेवा प्रभावकारी बन्न सक्दछ र स्थानीयले सरलरुपमा स्वास्थ्य सेवा दैलोमा पाउछ ।

# टिकट धेरै बिक्री हुने चलचित्रको कलेक्सन कम, थोरै बिक्री हुनेको धेरै ?




काठमाडौं/नेपाली चलचित्र उद्योगमा निर्माता आफैँले टिकट किन्न थालेको कुरा नौलो होइन । गत वर्ष पहिलोपटक निर्माता स्वयंले यो तथ्य सार्वजनिक गरेका थिए ।

निर्माता विनोद पौडेल स्वयंले आफूले टिकट काटेको र पछिल्लो समय धेरै निर्माता आफैँले टिकट काट्ने गरेको बताएपछि नेपाली चलचित्र उद्योगमा रहेको यो 'गोप्य' तथ्य बाहिर आएको थियो । त्यसपछि धेरैले एकअर्कालेे चलचित्र रिलिज हुँदा टिकट किनेको आरोप लगाउन थाले । तर, पछिल्लो समय बक्स अफिस तथ्यांकले यो आरोपलाई थप बल पुऱ्याएको देखिन्छ । 'फुटफल' कम देखिने चलचित्रको बक्सअफिस कलेक्सन बढी तर फुटफल धेरै देखिनेको बक्सअफिस कलेक्सन कम देखिएको छ ।

०८२ को बक्सअफिस कलेक्सनको तथ्यांकले यस्तो तथ्य देखाएपछि ठूलो परिमाणमा निर्माता आफैँले टिकट काट्ने गरेको आरोपमा सत्यता रहेको छ कि भन्ने शंका उब्जाएको छ । ०८२ मा रिलिज भएका केही चलचित्रको तथ्यांकले यस्तो देखिएको छ ।

उदाहरणका रूपमा, चारवटा चलचित्र 'बलिदान' र 'मोहर' तथा 'हरि बहादुरको जुत्ता' र 'माग्ने राजा'लाई लिन सकिन्छ। बक्सअफिस तथ्यांकअनुसार 'बलिदान'को भन्दा 'मोहर'को टिकट बिक्री बढी भएको छ। तर, ठिकविपरीत ग्रस कलेक्सन भने 'बलिदान'को धेरै छ । करिब एक लाख ५५ हजारले 'बलिदान'को कलेक्सन धेरै छ ।

जबकि, 'मोहर'को एक लाख ८९ हजार १९६ हजार टिकट बिक्री भएका छन् । 'बलिदान'को एक लाख ७१ हजार ९७६ वटा टिकट बिक्री भएको तथ्यांक छ । १७ हजार २२० वटा टिकट 'मोहर'का धेरै बिक्री भएको देखिन्छ । बलिदानको भन्दा १७ हजार २२० वटा टिकट बढी बिक्री हुँदा उल्टै कलेक्सन भने एक लाख ५५ हजारले कम छ । जबकि, औसतमा एउटा टिकटको मूल्य ३०० रुपैयाँ राख्ने हो भने 'बलिदानको भन्दा करिब ५३ लाख रुपैयाँ कलेक्सन 'मोहर'को धेरै हुनुपर्ने हो ।

'हरि बहादुरको जुत्ता' र 'माग्ने राजा'मा पनि यस्तै अन्तर देखिन्छ । 'माग्ने राजा'को टिकट धेरै बिक्री भएको तर कलेक्सन कम, 'हरिबहादुरको जुत्ता'को टिकट बिक्री कम र कलेक्सन धेरै भएको तथ्यांक छ । 'हरिबहादुरको जुत्ता'को ग्रस कलेक्सन चार करोड ७१ लाख ३८ हजार ६८७ रुपैयाँ छ । 'माग्ने राजा'को चार करोड ६९ लाख ४३ हजार ६५१ रुपैयाँ कलेक्सन छ । र, एक लाख ९५ हजार रुपैयाँ 'हरिबहादुरको जुत्ता'को कलेक्सन बढी छ ।

'हरिबहादुरको जुत्ता'को एक लाख ५० हजार ६०८ वटा टिकट बिक्री भएका छन् । 'माग्ने राजा'को एक लाख ६७ हजार ४८३ वटा टिकट बिक्री भए । १६ हजार ८७५ वटा टिकट 'माग्ने राजा'को धेरै भएको यो तथ्यांकले देखाउँछ। एउटा टिकटको मूल्य औसतमा ३०० रुपैयाँ राख्ने हो भने करिब ५२ लाख रुपैयाँ 'हरिबहादुरको जुत्ता'को भन्दा 'माग्ने राजा'को ग्रस कलेक्सन बढी हुनुपर्छ।

यसमा टिकट सस्तो भएको दिन आफ्नो सिनेमा धेरै दर्शकले हेरेको निर्माताको तर्क छ । 'माग्ने राजा'का निर्माता मुनाल घिमिरे तिज बिदाको दिन आफ्नो चलचित्र धेरै दर्शकले हेरेको दाबी गर्छन् । "डिल डेको दिन तिजको बिदा परेको थियो। त्यो दिन हाम्रो चलचित्र देशभर हाउसफुल भएको थियो," मुनाल भन्छन्, "यो दिन करिब ७५ लाख रुपैयाँ कलेक्सन भएको थियो । डिल डे नपरेको भए करिब डेढकरोड कलेक्सन हुन्थ्यो । तर, समग्रमा कलेक्सन रकम बढी देखिने थियो ।"

तर, अर्का एक निर्देशक मुनालको तर्कमा शतप्रतिशत सहमत छैनन् । "कुनै न कुनै बिदा प्राय: हरेक चलचित्रमा परेको हुन्छ । डिल डेसम्म हरेक सिनेमा पुग्छन् नै," ती निर्देशक भन्छन्, "कुनै एउटा चलचित्र टिकट सस्तो भएको दिन र सोमा दर्शक हेर्न जान्छन् भने अर्को चलचित्रको हकमा पनि यसको अनुपात उस्तैउस्तै हुँदैन र ?"

कलाकार, निर्देशक तथा निर्मातासमेत रहेका खगेन्द्र लामिछाने, निर्माता आफैँले टिकट किन्ने हल्लाको विषयमा चलचित्र निर्माता संघ र चलचित्र संघ बसेर छलफल गर्ने तयारी भइरहेको बताउँछन् । "अहिले आएको कुरा के हो, त्योबारे मलाई थाहा छैन । म अहिले सिनेमा छायांकनका क्रममा झापामा छु, त्यसैले मैले यसबारे अध्ययन गरेको छैन," चलचित्र निर्माता संघका महासचिव खगेन्द्र भन्छन्, "अध्ययन नगरी यसबारे बोल्न मिलेन । यसले यस्तो गऱ्यो भनेर भन्नुअघि अध्ययन गरेको, तथ्य र प्रमाण पनि चाहिन्छ ।"

तर, चलचित्रको टिकट निर्माता स्वयंले किन्नुपर्ने अवस्था रहेको केही निर्माताले सार्वजनिक रूपमा बोलेको र सञ्चारमाध्यममा पनि आएकाले निर्माता संघ र चलचित्र संघ बसेर यसबारे छलफल गर्ने तयारी रहेको उनको भनाइ छ ।

"यदि, निर्माता स्वयंले टिकट काट्नैपर्ने बाध्यता आइपरेको कुरा पुष्टि हलहरूबाट भयो भने, यो ठूलो विकृति हो । यसले नियमित मेकरलाई असर गर्छ," खगेन्द्र अगाडि थप्छन्, "यो पुष्टि भयो भने, जसरी हुन्छ, सबै मिलेर यसलाई हटाउनै पर्छ ।" चलचित्रको पब्लिसिटी फरक तरिकाले गर्नुपर्ने भन्दै निर्माताले जबर्जस्ती टिकट काट्नुपर्ने अवस्थालाई प्रचार भनेर गलत व्याख्या गर्न नहुने खगेन्द्रको तर्क छ ।

"कुनै एउटा चलचित्र हलमा सुनसान हुँदा पश्चिम नेपालका हलमा हरेक सो हाउसफुल हुन्छ," । एक निर्देशक भन्छन्, "काठमाडौंकै एउटा हलमा एउटा पनि टिकट बिक्री नहुँदा अर्को हलमा चारवटा पनि टिकट बिक्री भएको देखिँदैन, यस्तो कसरी हुन्छ भन्ने पनि बाहिर आउनु पर्छ ।" नियमितरूपमा चलचित्र बनाइरहने निर्माता तथा निर्देशकलाई गलत परिपाटी हाबी हुँदै जाँदा त्यसको नकारात्मक असर पर्नेमा सिनेमा उद्योगका सबै पक्ष समयमै सचेत हुनुपर्नेमा ती निर्देशकको जोड छ ।

# शक्ति सञ्चय गर्दै सेयर बजार

काठमाडौं/सातामा सेयर बजार स्थिरजस्तै देखिएको छ । गत साता शुक्रबार बजार बन्द हुँदा २८३७.७८ रुपैयाँ रहेको थियो। यो साताको अन्तिम कारोबारमा बजार परिसूचक २८३८.४० अंकमा पुगेको छ, जुन ०.६२ अंकको मात्रै गिरावट हो ।

साताको पहिलो कारोबार दिन अर्थात् सोमबार नेप्से परिसूचक ४.१८ अंकले घटेर २८ २८३३.३६ विन्दुमा पुगेको थियो । भोलिपल्ट नयाँ वर्षका कारण सार्वजनिक बिदा रहेको बजार बुधबार ३३.२७ अंकले बढेर २८६६.८७ अंकमा पुग्यो ।

बिहीबार ३३.८३ अंकले नै घटेर २८३३.०३ अंकमा झरेको बजार अन्तिम दिन ५.३६ अंक बढेर २८३८.४० अंकमा पुग्दा सातामा झिनो घटबढ देखिएको हो। साताभरको कारोबारमा बुधबार परिसूचक सबैभन्दा उच्च २८७९.२१ अंकसम्म पुगेको थियो भने शुक्रबार सबैभन्दा कम २८०८.०२ विन्दुसम्म झरेको थियो ।

अन्तिम दिनको कारोबारले बजारमा स्पिनिङ टप वा सानो डोजि आकारको क्यान्डल बनाएको छ । यसले बजारमा क्रेता र विक्रेता बिचमा केही अन्यौलता रहेको र बजारले स्पष्ट दिशा लिन नसकेको संकेत गर्छ । यद्यपि, यो रङ हरियो हुनुले सामान्य सकारात्मक मनोबल देखाउँछ। अर्कोतिर औसत कारोबार रकम भने यो साता सामान्य घटेको छ । गत साता औसतमा ८ अर्ब ८७ करोड रुपैयाँ रहेको कारोबार यो साता घटेर ८ अर्ब ८३ करोडको औसतमा झरेको छ । साताको सबैभन्दा बढी कारोबार बुधबार १० अर्ब २८ करोड रुपैयाँ बराबर हुँदा अन्तिम दिन शुक्रबार सबैभन्दा कम ७ अर्ब ३९ करोड बराबरको कारोबार भयो ।

अहिलेको समयमा भोल्युम यसअघिका दिनहरूको तुलनामा केही कम भएको देखिन्छ। यसले गर्दा बजारमा तत्कालै ठूलो उतार चढाव आउने सम्भावना नरहेको देखाउँछ । यसले पनि लगानीकर्ता पर्ख र हेर कै अवस्थामा रहेको देखाउँछ ।

***यस्तो छ प्राविधिक पक्ष***

पछिल्लो कारोबारले बजारको आरएसआई ५३.१७ रहेको देखिन्छ । यो सूचक ५० भन्दा माथि हुनुले बजारमा अझै पनि खरिदकर्ता सामान्य हाबी छन् भन्ने देखिन्छ, यो बजारको लागि सुखद अवस्था नै हो ।

# खुट्टालाई किन माया गर्ने ?

दुईखुट्टे हुन् वा चारखुट्टे, प्रकृतिको सिर्जनामा खुट्टाधारी प्राणीको पनि अत्यन्तै ठूलो महत्व छ। त्यसमा पनि सबैभन्दा बुद्धिमान र सिर्जनशील मानवजाति पनि दुईखुट्टे जीव भएकोले मानिसको जीवनमा खुट्टाको के-कस्तो महत्व छ भन्ने कुरा व्याख्या गरिरहनुपर्ने विषय होइन ।

खुट्टाको मुख्य भूमिका एक ठाउँमा रहेको मानिसको शरीरलाई उसको चाहना अनुसार अर्को ठाउँमा सकुशल पुऱ्याउनु हो । विज्ञान र प्रविधिले यातायातका साधनहरु जति आविष्कार गरे पनि खुट्टाको महत्व घट्दैन। यद्यपि खुट्टाविहीन भएर जीवन जिउनेहरु पनि संसारमा प्रशस्त छन् । खुट्टाको धार्मिक, सांस्कृतिक पक्ष पनि उल्लेखनीय छन्, तर यहाँ स्वास्थ्य पक्षको मात्र चर्चा गरिनेछ ।

राति राम्रो निद्रा नपर्ने मानिसले सुत्नुअघि पैतालामा तेल मालिस गरेमा राम्रो निद्रा पर्दछ । शरीरको एक अति नै महत्वपूर्ण अंग भएर पनि खुट्टालाई जति माया-स्याहारसुसार गर्नुपर्ने हो, त्यो भने हुने गरेको पाइन्न । हामी बिहानदेखि बेलुकीसम्म एकै दिनमा पटक-पटक हात धुन्छौं तर खुट्टा कतिपटक धुन्छौं ? खुट्टा हाम्रो शरीरको एक अंग मात्र नभएर विभिन्न रोग वा शारीरिक समस्याहरुसँग पनि यसको गहिरो सम्बन्ध रहेको हुन्छ ।

कतिपय शारीरिक समस्याको प्रारम्भिक लक्षण खुट्टाले नै देखाउँछ भने गम्भीर रोगमा खुट्टा वा औंला काटेरै फाल्नुपर्ने (Amputation) बाध्यतासमेत आइपर्छ । त्यसैले



हामीले खुट्टालाई पनि विशेष माया गरी स्याहार गर्ने बानी गर्नुपर्दछ भने परिवारमा केटाकेटी अवस्थादेखि नै खुट्टाको स्याहार गर्ने आदत बसालिदिनु पर्छ । खुट्टा भन्नाले शरीरको मुख्यत: घुँडादेखि पैतालासम्मको भाग बुझिन्छ। घुँडामाथिको भाग जसलाई तिघ्रा भनिन्छ, त्यो पनि खुट्टाकै भाग हो । तर यहाँ घुँडादेखि मुनिको खुट्टाको स्याहारबारे चर्चा गरिनेछ ।

खुट्टाले मानिसलाई एक ठाउँबाट अर्को ठाउँमा लाने काम मात्र हैन अझ त्योभन्दा महत्वपूर्ण शरीरको पूरै बोझ थाम्ने काम गर्दछ । तर खुट्टाको बोझ थाम्ने यो अहम् भूमिकाप्रति मानिसहरुले त्यति ध्यान दिएको पाईदैन । बस्दा शरीरको बोझ नितम्बले थाम्छ भने सुत्दा ढाड र कम्मरले । उभिँदा र हिँड्दा भने शरीरको पूरै बोझ खुट्टाले थाम्नुपर्दछ ।

*घुँडाको स्याहार :*

दुवै खुट्टाका घुँडा महत्वपूर्ण र संवेदनशील जोर्नी हुन् । खुट्टालाई चलायमान बनाउन र शरीरको बोझ थाम्नमा यसको महत्वपूर्ण भूमिका रहन्छ । घुँडामा पाङ्ग्राजस्ता अंग हुन्छन्, जसले खुट्टाको जोर्नीलाई चलायमान बनाउँछन् । घुँडाको स्याहार गर्ने प्रारम्भिक तरिका घुँडालाई पर्याप्त आराम दिनु हो । धेरै लामो समयसम्म उभिने, हिँड्ने, दौडने, उकालो-ओरालो गर्ने मानिसको घुँडाले पर्याप्त आराम पाउँदैन । त्यसैले यस्ता मानिसलाई घुँडा दुख्ने समस्याले छिटो सताउँछ । पातलो वा शरीरको वजन कम भएका मानिसभन्दा मोटो शरीर भएका मानिसलाई घुँडा दुख्ने समस्या बढी हुन्छ । घुँडाले धेरै बोझ थाम्नुपरेको कारणले यसो भएको हो ।

तसर्थ घुँडाको समस्याबाट बच्न पनि युवा अवस्थादेखि नै शरीरको वजन धेरै बढ्न नदिनु बुद्धिमानी हुन्छ । प्रौढ अवस्थामा प्रवेश नगर्दै कतिपय महिलाहरुमा घुँडा दुख्ने समस्या आउँछ ।

त्यसको मुख्य कारण हाम्रो दक्षिण एसियाली समाजमा भान्सामा खाना पकाउने काम मुख्यत: महिलाहरुले गर्ने गर्दछन् । बीसौं, तीसौं वर्षसम्म बिहान-बेलुकै घण्टौं उभिएर भान्साको काममा खटिँदा घुँडा र पूरै खुट्टालाई कति बोझ पर्ला, सहजै अनुमान गर्न सकिन्छ ।

## प्रशोधित पिउने पानीको मूल्य बढाउने निर्णय

काठमाडौं/नेपाल पानी उद्योग महासंघले प्रशोधित पिउने पानीको मूल्य बढाउने निर्णय गरेको छ। आवश्यक कच्चा पदार्थमा ४० प्रतिशतसम्म मूल्य बढेको भन्दै महासंघले प्रशोधित पिउने पानीको मूल्य बढाउने निर्णय गरेको हो ।

महासंघले आफ्ना सम्पूर्ण सदस्य उद्योगीहरूलाई हाल कच्चापदार्थ तथा सञ्चालन लागतमा भएको मूल्यवृद्धिको अनुपातमा उत्पादित पानीको मूल्य समायोजन गरी बिक्री गर्न आग्रह गरेको छ । उद्योग सञ्चालन, रोजगारी संरक्षण, उपभोक्तामा नियमित आपूर्ति, गुणस्तर कायम तथा उद्योगको दिगोपन सुनिश्चित गर्न हाल बढेको लागतको अनुपातमा मूल्यवृद्धि गरी बिक्री गर्नु अहिलेको आवश्यकता बनेको महासंघले स्पष्ट पारेको छ ।

"पछिल्लो समय पानी उद्योगमा प्रयोग हुने बोटल, क्याप, र्‍यापिङ रोल, जार, जार क्यापलगायत कच्चापदार्थहरूको मूल्यमा करिब ४० प्रतिशत भन्दा बढीसम्म वृद्धि भएको छ," महासंघले भनेको छ, "डिजेल तथा पेट्रोलियम पदार्थको अत्याधिक मूल्यवृद्धिका कारण ढुवानी लागतमा उल्लेखनीय वृद्धि भएको छ ।" अन्तर्राष्ट्रिय परिस्थितिका कारण कच्चापदार्थ आपूर्ति व्यवस्थामा असहजता उत्पन्न भएको कारण उद्योग सञ्चालन लागत अस्वाभाविक रूपमा बढेको महासंघले प्रस्ट पारेको छ । उद्योग हाल ६२० भन्दा बढी उद्योगमार्फत ३० हजारभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान हुँदै आएको छ ।

# जीवनशैलीको अवधारणा र महत्व

खानपान, दिनचर्या, रात्रिचर्या, ऋतुचर्या, रहनसहन, सोचविचार आदि जीवन जिउने विषयलाई हिजोआज जीवनशैलीका रुपमा लिइन्छ । जीवनशैलीका विषयलाई विभिन्न चिकित्सा पद्धतिले कसरी लिन्छन् भन्ने जिज्ञासा हुन सक्छ । विभिन्न चिकित्सा पद्धतिमा रहेका जीवनशैलीका अवधारणाहरुलाई यहाँ संक्षेपमा चर्चा गरिएको छ:

कैयन एलोप्याथी डाक्टरहरुले बिरामीलाई उपचार गर्ने क्रममा जे खाए पनि हुन्छ भनेर सल्लाह दिने गरेको भेटिन्छ भने कतिपय चिकित्सकहरुले खानपानलाई पनि ध्यान दिनुपर्ने कुरामा जोड दिएको पाइन्छ । एलोप्याथीमा पनि खानपानलगायत जीवनशैलीका विषयमा सकारात्मक अवधारणा रहेको पाइन्छ। सबेरै उठ्दा शरीरमा शक्ति र मनमा उत्साहको वृद्धि हुने बताइएको छ ।

औषधि विज्ञानका पिता हिप्पोक्रेटसको समयदेखि नै खानपानको सुधारलाई प्राथमिकता दिएको पाइन्छ। हिप्पोक्रटसको एउटा भनाइ निकै चर्चित छ: आहार नै औषधि हुन सकोस्, औषधि नै आहार हुन सकोस् ।

Let food be thy medicine, let medicine be thy food यही आधारमा बिरामीको भोजनलाई नै उपचारको माध्यम बनाउनुपर्छ भन्ने अवधारणा रहेको थियो । तर पछि आहार नै औषधि हो भन्ने अवधारणा हट्यो र प्रतिजैविकीलगायतका औषधिहरु नै उपचारको प्रमुख माध्यम हुन थाल्यो। आहारलाई गौणरुपमा लिइयो ।

तर वर्तमान समयमा आहार मात्र होइन, व्यायाम, दिनचर्या, विश्राम, तनाव व्यवस्थापन, निद्रा आदि अनेक पक्षलाई समेटेर जीवनशैलीका रुपमा सुधार्नु अनिवार्य छ भन्ने मान्यता बलियोरुपमा स्थापित भइसकेको छ ।

*जीवनशैली औषधि :*

जीवनशैलीको सुधार गर्ने प्रक्रियालाई जीवनशैली औषधि Lifestyle medicine को रुपमा व्याख्या गरेको पाइन्छ । डाइटिसियनले केवल खानपानको पक्षलाई मात्र हेर्ने हुँदा खानपान, व्यायाम, समग्र स्वास्थ्य, निद्रा आदिलाई मिलाएर जीवनलाई व्यवस्थित बनाउन सघाउने व्यक्तिको आवश्यकतालाई महसुस गरी जीवनशैली विज्ञको अवधारणा पनि ल्याइएको देखिन्छ ।

जीवनशैलीका विविध पक्षका बारेमा चिकित्सक वा स्वास्थ्यकर्मीहरुलाई तालिम दिएर विज्ञका रुपमा पनि तयार गर्न थालिएको देखिन्छ । जीवनशैली औषधिलाई अमेरिकन लाइफस्टाइल मेडिसिन कलेजले प्रामाणिकतामा आधारित भई चिकित्सात्मक जीवनशैलीजन्य प्रयोग प्राथमिकरुपमा पुराना रोगको व्यवस्थापनमा मात्र सीमित नरही रोगै उल्टाउनको लागि पूर्णाहार, वनस्पतिजन्य भोजन, शारीरिक सक्रियता, मस्त निद्रा, तनाव व्यवस्थापन, हानिकारक पदार्थको तिरस्कार र सकारात्मक सामाजिक सम्बन्धलाई प्रयोग गरिनुलाई जीवनशैली औषधिका रुपमा परिभाषित गरिएको पाइन्छ ।

औषधि खाएर मात्र रोगको व्यवस्थापन हुन सक्दैन भन्ने कुरा अहिले बुझ्न थालिएको छ। खासगरी संक्रमणको बेला प्रतिजैविकीहरुको प्रयोग व्यापक भए पनि नसर्ने तथा पुराना रोगहरुमा, मानसिक तथा मनोशारीरिक रोगहरुमा समेत जीवनशैलीको सुधारलाई महत्त्व दिन थालिएको पाइन्छ ।


कतिपय देशका चिकित्सकहरु त रोगको सामान्य एवं शुरुवाती अवस्थामा पहिलो उपचार (ष्चकत ष्लिभ मचगनक) को रुपमा औषधि नदिई जीवनशैलीका उपायहरुलाई नै अपनाउने सल्लाह दिने गरेको पाइन्छ। आशा गर्न सकिन्छ, भविष्यमा एलोप्याथी पद्धतिमा स्वास्थ्य र आरोग्य ताका निम्ति स्वस्थकर जीवन शैलीलाई व्यापकरुपमा प्रयोग गरिनेछ ।







**आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा**




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# सिडिओ कार्यालयलाई गृहको ९ बुँदे निर्देशन

सन्देश संवाददाता

काठमाडौं / गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ । मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभारकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो ।

मन्त्रालयले जारी गरेको परिपत्रमा चालु आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम बजेट माग गर्न पनि भनिएको छ ।

प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानुनबमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्वपूर्ण प्रशासकीय भूमिका निवान गर्नुपर्ने भूमिकासमेत गृहमन्त्रालयले स्मरण गराइएको छ ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलत: जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गत चैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण समेतका विषयलाई केन्द्र विन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ ।

मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार गरिएको निर्देशनमा भनिएको छ, "जिल्ला प्रशासन कार्यालयबाट प्रवाह भइरहेका सेवाहरूलाई सुधार गरी जनताको अपेक्षाअनुरूप सहज र सेवाग्राहीमैत्री




बनाउने सिलसिलामा हाल कतिपय जिल्लामा कार्यान्वयनमा ल्याइएका सृजनात्मक तथा नवप्रवर्द्धनात्मक उपायहरू जस्तै टोकन प्रणाली, नागरिक सुनुवाइ प्रणाली, नयाँ नागरिकताको अनलाइन सिफारिस, नि:शुल्क सहायता कक्षलगायतका सुधारलाई थप व्यापक र संस्थागत गर्दै गृहमन्त्रीको निर्देशन र एकसय कार्यसूचीको मूल भावनाअनुरूप सुधारका कार्यलाई तत्काल अगाडि बढाउने सिलसिलामा 'एकद्वार सेवा प्रणाली' यथाशीघ्र लागू गर्न आवश्यक छ ।"

***यस्ता छन् नौबुँदे निर्देशन :***

नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र र नाबालक परिचयपत्रसम्बन्धि सेवाका लागि उपयुक्त सेवाकक्ष तयार गरी सेवाग्राही मैत्री बनाउन भनिएको छरु । त्यस्तै, सेवाको कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्ने तहसम्मका सबै कर्मचारीले सकेसम्म एकैकक्षबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

मन्त्रालयले निर्देशनमा सङ्घसंस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण तथा कागजात प्रमाणीकरणका कार्य कार्यबोझ र कर्मचारीको उपलब्धताका आधारमा उपयुक्त सेवा कक्षाको प्रबन्ध गर्न, सेवाग्राहीलाई यथासम्भव प्रतिक्षा/विश्राम कक्षमा बस्ने व्यवस्था गरी पारदर्शी तवरले सेवा प्रवाह गर्न भनेको छ ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्भव भएसम्म अनलाइन प्रणालीमार्फत नै सेवा प्राप्त गर्नसक्ने सम्बन्धमा ध्यान दिइ सुधारका काम कारवाही अगाडि बढाउन भनिएको छ ।

***टोकन प्रणाली र सहायता कक्षसम्बन्धी***

सेवाग्राहीको चाप एवं आवश्यकताका आधारमा टोकन प्रणाली लागू गर्न एवं कार्यालय प्रवेश गर्नेबित्तिकै सहज पहुँच हुने स्थानमा कर्मचारी र कम्प्युटरसहितको सहायता कक्ष राख्न निर्देशन दिइएको छ । सहायता कक्षमा जिल्ला प्रशासन कार्यालयको सेवासम्बन्धी विषयवस्तु बुझेको कर्मचारीलाई मात्र राख्ने र हेल्प डेस्क बिहान ९:०० बजे अनिवार्य रूपमा खोल्ने व्यवस्था मिलाउन भनिएको छ ।

सेवाग्राहीलाई निवेदन लेख्न/विवरण भर्न सहजीकरण गर्ने व्यवस्था मिलाउन, सहायता कक्षमा कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र कागजात नपुगेको सेवाग्राहीलाई के के पुगेन स्पष्ट गरी टिपोट दिनका लागि पनि सहायता कक्ष आवश्यकता औंल्याइएको छ ।

त्यसैगरी कार्यकक्षमा सेवाग्राहीको चापअनुसार फ्रन्ट डेस्कका कर्मचारीले सेवाग्राहीलाई कार्यकक्षमा नै पठाउने वा प्रतिक्षालयमा राख्ने व्यवस्था मिलाउन एवं ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्ति, सानो बच्चासहितका सेवाग्राहीलाई फ्रन्ट डेस्क वा सहायता कक्षका कर्मचारीले सेवामा प्राथमिकता प्रदान गर्न पनि भनिएको छ ।

***नागरिक बडापत्रसम्बन्धि :***

डिजिटल तथा आवाजस हितको नागरिक बडापत्र यथासम्भव लागू गर्न, यदि सम्भव नभए कार्यालयबाट प्रवाह हुने सबै सेवाको प्रक्रियागत चरण स्पष्ट उल्लेख गरी सबैले देख्ने ठाउँमा सहजै पढ्न सकिने अक्षरमा नागरिक बडापत्र राख्न, प्रमुख/सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत र वडाध्यक्ष तहसम्मको ह्वाट्सएप समूह तयार गरी सेवा प्रवाह सरलीकरण गर्न नियमित रूपमा छलफल हुने व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ ।

***गुनासो व्यवस्थापनसम्बन्धि :***

जिल्ला प्रशासन कार्यालयमा प्राप्त उजुरी तथा गुनासोको अभिलेख गरी उजुरी तथा गुनासो समाधानका लागि तत्काले क्रियाशील हुनका लागि गुनासो सुन्ने व्यवस्था गर्न निर्देशनमा भनिएको छ ।

प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारीसँग अशक्त र अपाङ्गता भएका सेवाग्राहीले गुनासो लिएर भेट्न चाहेका खण्डमा प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी उनीहरूसमक्ष आफैं गई भेट्ने तथा तत्काले गुनासो सुन्ने प्रबन्धको सुनिश्चितता गर्न भनिएको छ ।

कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीको 'अफिसियल' मोबाइलमा निरन्तर सम्पर्क हुने व्यवस्था मिलाउनुपर्ने र तत्काल सम्पर्क हुन नसकेमा 'कलब्याक' गरी जानकारी लिनुपर्ने, प्रत्येक महिना जनतासँग प्रजिअ कार्यक्रम सञ्चालन गर्ने र जनताका गुनासाहरू सम्बोधन गर्न निर्देशनमा भनिएको छ ।

***सेवाग्राहीप्रतिको व्यवहार सम्बन्धि :***

कर्मचारीले सेवाग्राहीसँग मर्यादित भाषा तथा सम्मानपूर्वक व्यवहार गर्न कुनै कर्मचारीले सेवाग्राहीलाई दु:ख हैरानी दिएमा प्रमुख जिल्ला अधिकारीले शून्य सहनशिलताको नीति अवलम्बन गरी प्रचलित कानुनबमोजिम कारबाही गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा गर्न तथा कार्यालयको परिसर सर सफाइको सुनिश्चितता गर्न पनि भनिएको छ ।

कार्यालयमा विचौलियाको प्रवेशमा उच्च निगरानी गरी विचौलियामार्फत काम गर्ने गराउने कार्यलाई कडाइकासाथ पूर्ण रूपमा नियन्त्रण गर्न, विचौलियालाई गर्ने कारबाहीलाई तीव्रता दिन, नेपाल प्रहरीमार्फत विचौलिया कार्यमा संलग्न व्यक्तिहरूको कारबाहीको हालसम्मको ९वर्तमान सरकार गठन भएको मितिदेखि प्रतिवेदन गरेको दिनसम्म० को र तत्पश्चात् नियमित प्रतिवेदन हुने व्यवस्था मिलाउन पनि निर्देशक गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको वस्तुनिष्ठ कार्यसम्पादन सूचकसहितको कार्यविवरण १५ दिनभित्र तयार गरी लागू गर्न पनि निर्देशन दिइएको छ । निर्देशनमा जिल्ला प्रशासन कार्यालयबाट सबै वडा कार्यालयमा काम गर्ने कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित सिफारिस र अन्य काम कारबाहीका सम्बन्धमा अभिमुखीकरण तथा तालिम प्रदान गर्न, जिल्ला प्रशासन कार्यालयमा कार्यविवरणअनुसार कार्य सम्पन्न गर्नेगरी कर्मचारीलाई अभिमुखीकरण गर्न, कर्मचारीलाई मूलत: फ्रन्ट डेस्कमा बस्ने कर्मचा–रीलाई आवश्यकपर्ने तालिमको व्यवस्था गर्ने वा मन्त्रालयमा माग गर्न पनि भनिएको छ ।

***सूचना प्रवाह, अनुगमन मूल्यांन :***

प्रमुख जिल्ला अधिकारीले कार्यसम्पादन प्रणालीको निरन्तर निगरानी र अनुगमन गर्न, सम्भव भए सिसिटिभी जडान गर्न, कार्यालयको वेभसाइट निरन्तर अद्यावधिक गर्न, प्रोएक्टिभ डिस्कोर्सलाई सुदृढ गर्दै कार्यालयको गोपनियता र पारदर्शिताबीच सन्तुलन कायम राख्न, प्रमुख जिल्ला अधिकारीसहित सबै कर्मचारीको कार्य जिम्मेवारीसहितको सम्पर्क नम्बर कार्यालयको वेबसाइटमा राख्न, जिल्लाको शान्तिसुरक्षाको अवस्थाको दैनिक रूपमा जाहेरी पठाउँदा उक्त दिन जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने ।

सबै खाले सेवाको सङ्ख्यात्मक विवरणसमेत अनिवार्य रूपमा तोकिएको ढाँचामा राख्न पनि भनिएको छ । मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट सम्पादित अनुकरणीय कार्य र अन्य सबै सेवाको प्रगति प्रतिवेदन प्रत्येक महिनाको ०१ र १६ गते अनिवार्य रूपमा मन्त्रालयमा पठाउन पनि दिर्नेशन दिइएको छ ।

*भ्रष्टाचारको डरलाग्दो आँकडा: पाँच वर्षमा १ लाख ६६ हजार ५२० वटा उजुरी दर्ता*

# शीर्ष नेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी




सन्देश संवाददाता

काठमाडौं / अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य संख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ । सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फर्स्योट भई ७९८ मुद्दा दायर भएका छन् ।

ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रुपैयाँ बिगो दाबी गरिएको छ । यी मुद्दामा विशेष अदालतबाट सर दर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरवलोकनका लागि सर्वोच्च अदालत गएको छ ।

पुनरवलोकन गरिएकामध्ये ९ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्चबाट ठहर भएको आयोगले जनाएको छ । आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फर्स्योट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्म १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालू आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालू आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन् ।

यसैगरी आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फर्स्योट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फर्स्योट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फर्स्योट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए । यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फर्स्योट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए । यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो ।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औं वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा संघीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको संख्या बढी देखिएको छ । 'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घुस (रिसवत)सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरवलोकनबाहेक अरू विकल्प आफूहरुसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ । नेपालको संविधानको भाग २१ बमोजिम दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीति तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताए ।

***शीर्षनेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी***

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् ।

प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैंचा जग्गाको घूस रिसवतमा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवा–रणमन्त्री रञ्जिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा रामशरण महत प्रतिवादी रहेका छन् यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यसैगरी पूर्वमुख्यसचिव डा बैकुण्ठ अर्यालविरुद्ध अन्त:शुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिव रामकुमार श्रेष्ठविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन, शंकरप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ ।

तत्कालीन सचिवहरु सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशक, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ ।

# स्थानीय तहको सिमाना र सङ्ख्या हेरफेर गर्न नयाँ मापदण्डको मस्यौदा तयार




सन्देश संवाददाता

काठमाडौं / संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका, नगरपालिका र वडाहरूको संख्या तथा सिमाना हेरफेर गर्ने र नगरपालिकाहरूको वर्गीकरण पुनरावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न नयाँ मापदण्डको प्रारम्भिक मस्यौदा तयार गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएका व्यवस्थाका आधारमा 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को मस्यौदा तयार गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयले सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उक्त मस्यौदामा राय र सुझाव दिन तीन दिनको म्याद तोकेर परिपत्र गरेको छ ।

मस्यौदामा स्थानीय तह र वडाको सङ्ख्या तथा सिमाना हेरफेर वा एकआपसमा गाभ्ने प्रस्ताव गर्दा मुख्यतया जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोतसाधनको उपलब्धता र भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौटलाई आधार मान्नुपर्ने उल्लेख छ । यसका अतिरिक्त नागरिकले प्राप्त गर्ने सेवा सुविधामा पहुँच, जनघनत्व, बस्ती विकास र सहरीकरण, बजारको विकास, यातायात सेवामा पहुँच, जलाधार, सामाजिक र आर्थिक प्रभाव तथा सांस्कृतिक र भाषिक पहिचानको संरक्षणलाई पनि ध्यान दिनुपर्ने व्यवस्था गरिएको छ ।

मस्यौदाअनुसार, गाउँपालिका वा नगरपालिकाको सिमाना हेरफेर गर्दा एउटा स्थानीय तह एउटै प्रदेश र जिल्लाभित्र पर्ने गरी मिलाउनुपर्नेछ । साथै, वडाको सिमाना हेरफेर गर्दा तत्कालीन (राज्य पुनर्संरचना हुनुभन्दा पहिलेका) गाउँ विकास समिति र नगरपालिकाका वडा नटुक्रिने गरी गर्नुपर्नेछ भने एउटै वडाको भूगोल प्रतिनिधिसभा र प्रदेश सभाको एउटै निर्वाचन क्षेत्रभित्र पर्ने गरी कायम गर्नुपर्नेछ ।

यी विषयमा अध्ययन गरी प्रतिवेदन दिन जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुख, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, नापी र मालपोत कार्यालयका प्रमुख, र सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्मिलित एक अध्ययन समिति गठन गर्ने प्रस्ताव गरिएको छ । आधारमा गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्नेछ ।

*विष्णु पौडेलको प्रश्नपर्दा भित्रबाट वामपन्थी एकताको चचा*

# कसले चलाइरहेका छन् ?

सन्देश संवाददाता

काठमाडौं / नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले निर्वाचनमा पार्टीले भोगेको पराजयको गम्भीर समीक्षा गर्नुको सट्टा वामपन्थी एकताको असान्दर्भिक चर्चा चलाइएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

शनिबार सामाजिक सञ्जालमा फर्त आफ्नो धारणा सार्वजनिक गर्दै उनले पार्टीको पुनर्गठन नै आजको प्राथमिक कार्यसूची भएको स्पष्ट पारेका हुन् । चुनावपछि पार्टीभित्र र बाहिर वाम एकताको बहस उठिरहेका बेला पौडेलले यस्तो चर्चा पर्दाभित्रबाट कसले र किन चलाइरहेको छ भन्दै प्रश्नसमेत उठाएका छन् । 'नेकपा एमालेका लागि निर्वाचनमा भएको चिन्ताजनक पराजयको गम्भीर समीक्षा र पार्टीको पुनर्गठन आजको

# सुनचाँदी व्यवसायी संघका पदाधिकारीको पदस्थापना

सन्देश संवाददाता

हेटौंडा / मकवानपुर सुनचाँदी व्यवसायी संघको पाँचौं अधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको पदस्थापना तथा प्रमाणपत्र वितरण गरिएको छ । हेटौंडामा आयोजित कार्यक्रममा संघका नवनिर्वाचित अध्यक्ष गोपीलाल विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रमा नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय सदस्य प्रकाश गहतराजको प्रमुख अतिथि रहेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि रहेका गहतराजले जिल्लामा सुनचाँदी व्यवसायीहरूले भोगिरहेका समस्यालाई महासंघमार्फत् समाधानका लागि पहल गरिने बताए । उनले वर्तमान अवस्थामा सुनको आपूर्ति तथा मूल्य



सम्बन्धि समस्या प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै सरकारको कडाइका कारण व्यवसायीहरूले पारदर्शी हिसाबकिताब राख्नुपर्नेमा जोड दिए । नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेशका अध्यक्ष ज्योतिरत्न बज्राचार्यले अन्तर्राष्ट्रिय द्वन्द्वका कारण सुनको मूल्य निरन्तर वृद्धि भइरहेको बताए । उनले नेपाल सरकारले १० लाख रुपैयाँभन्दा बढी मूल्यका गरगहना तथा हिरा-मोती जडित गहनामा लगाएको २ प्रतिशत विलासिता करबारे व्यापक छलफल आवश्यक रहेको धारणा व्यक्त गरे।

संघका पूर्वअध्यक्ष केशव र साइलीले सरकार र व्यवसायी बीचको दूरी घटाउन नवनिर्वाचित कार्यसमितिले सक्रिय भूमिका खेल्नुपर्ने बताए । उनले व्यवसायसँगै सीप विकासका लागि विभिन्न तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिए । संस्थापक अध्यक्ष पूर्ण शाक्यले सरकारी नीति-नियमका कारण व्यवसाय सञ्चालनमा समस्या रहेको उल्लेख गर्दै केन्द्रमार्फत् सरकारसँग संवाद गर्नुपर्ने आवश्यकता औंल्याए। कार्यक्रममा निवर्तमान अध्यक्ष पवनराज शाक्य तथा निवर्तमान सल्लाहकार एवं निर्वाचन समितिका सदस्य कमल विश्वकर्माले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए। संघका नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष राजकुमार रसाइलीले स्वागत मन्तव्य व्यक्त गर्दै २०५३ सालमा स्थापना भएको मकवानपुर सुनचाँदी व्यवसायी संघका संस्थापक अध्यक्ष पूर्ण शाक्य रहेको जानकारी दिए ।

तीन वर्षे कार्यकालका लागि संघको पाँचौं अधिवेशनबाट गोपीलाल वश्वकर्माको नेतृत्वमा २८ सदस्यीय नयाँ कार्यसमिति चयन भएको थियो। संघको वरिष्ठ उपाध्यक्षमा राजकुमार रसाइली, प्रथम उपाध्यक्षमा विजय विश्वकर्मा, उपाध्यक्षमा प्रेम शाक्य, महासचिवमा राजकुमार विश्वकर्मा, सचिवमा उत्तमराज बज्राचार्य, कोषाध्यक्षमा कमल सिन्चुरी, सहसचिवमा विवेक रसाइली र सहकोषाध्यक्षमा लालुराम दुधराज रहेका थिए । यसैगरी सदस्यहरूमा शोभालक्ष्मी बज्राचार्य, राजकुमार घिमिरे, महरथ बज्राचार्य, शम्भु गहतराज, रामकृष्ण विश्वकर्मा, विश्वराज शाक्य, राहुल सुनार, भीमप्रसाद विश्वकर्मा, गोपाल सुनार, सर्जल बज्राचार्य, भरत विश्वकर्मा, निश्चल शाक्य, विकास सुनार, प्रकाशबहादुर सुनार रहेका छन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




**चालु फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
सम्पर्क नम्बर : ९८४५१२३३६६

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने